का.जि.प्र.का.द.नं. १००/०५९/६०
❑ वर्ष १९, अंक ३१६
❑ २५ पुस २०७८, आइतबार
❑ 9 January 2022, Sunday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।




# बढ्यो जोखिम

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ पुस ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई कोरोना संक्रमण पुष्टि भएपछि शीर्ष नेताहरु ओइसोलेसनमा परेका छन् । प्रधानमन्त्री शेरबहादुर देउवा शनिबारदेखि आइसोलेशनमा बसेका छन् । प्रधानमन्त्री देउवाको परीक्षण आज हुनेछ ।

प्रचण्डलाई शुक्रबार साँझ कोरोना संक्रमण पुष्टि भएकोथियो । असहज भएपछि प्रचण्डको कोरोना परीक्षण गरिएको थियो । माओवादी केन्द्रकै अर्का नेता नारायणकाजी श्रेष्ठलाई पनि कोरोना संक्रमण पुष्टि भएको छ । प्रचण्ड र श्रेष्ठलाई संक्रमण देखिएपछि प्रधानमन्त्री देउवा आइसोलेशनमा बसेका हुन् ।

बिहीबार र शुक्रबार सत्तारुढ पाँच दलीय गठबन्धनको बैठकमा प्रचण्ड र श्रेष्ठ सहभागी भएका थिए । प्रचण्ड र श्रेष्ठलाई संक्रमण पुष्टि भएपछि पाँच दलका शीर्ष नेताहरु कन्ट्याक्ट ट्रेसिङमा परेका हुन् ।

प्रचण्ड सहित वरिष्ठ नेता श्रेष्ठ, नेताहरू हरिबोल गजुरेल, मातृका यादव, डोरप्रसाद उपाध्याय, रामप्रसाद सापकोटा, रमेश मल्ल लगायतमा संक्रमण पुष्टि भएको छ । यी नेताहरुको सम्पर्ककै कारण प्रधानमन्त्री देउवा आइसोलेशनमा

> शनिबार २४ जनामा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन पुष्टि भएको भोलिपल्टै, पूर्वप्रधानमन्त्री पुष्पमल दाहाल प्रचण्डलाई कोरोना संक्रमण देखिएको छ । प्रचण्डलाई संक्रमण देखिएपछि प्रधानमन्त्रीसहित शीर्ष नेताहरु आइसोलेसनमा परेका छन् ।

परे । शनिबार नै प्रधानमन्त्री देउवाले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बालकोट पुगेर भेटेका थिए । जारी संसद्को गतिरोध अन्त्य गर्न र एमसीसी अनुमोदनका निम्ति सहयोग माग्दै प्रधानमन्त्री देउवा बालकोट पुगेका थिए ।

कोरोना संक्रमण शीर्ष नेताहरुमा पुष्टि भइरहँदा आम तहमा पनि ठूलो संख्यामा बढेको छ । शुक्रबार कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन २४ जनामा पुष्टि भएको थियो । एकैदिन यति ठूलो संख्यामा पहिलोपटक पुष्टि भएको हो । शुक्रबारबाटै कोरोना संक्रमणको दर पनि बढेर गएको छ ।

शनिबार सार्वजनिक प्रतिवेदनअनुसार, २४ घण्टामा ९४४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ९,७६२ पीसीआर गर्दा ६९६ जनामा संक्रमण देखिएको थियो । ३,५०२ एन्टिजेनमा २४८ जनामा कोरोना पुष्टि भएको हो । शनिबार थपिएको सहित सक्रिय संक्रमित संख्या ६,१४० पुगेको छ । ओमिक्रोनको संक्रमण देखिएपछि सरकारले सबै अस्पताललाई आवश्यक तयारी गर्न निर्देशन दिएको छ । स्वास्थ्य सामग्रीको आवश्यक प्रबन्ध सहित बस्न अस्पतालहरुलाई सरकारले निर्देशन दिएको हो ।

# 'आइसोलेशन'मा राजनीति

संघीय संसदको गतिरोध तोड्ने पहलकदमी लिएका प्रधानमन्त्री शेरबहादुर देउवा शनिबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली भेट्न बालकोट पुगे । तर ओली अडानबाट टसमस भएनन् ।


एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न उनकै निवास बालकोट पुगेका प्रधानमन्त्री शेरबहादुर देउवा । तस्वीरः प्रधानमन्त्रीको सचिवालय

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ पुस ।

प्रधानमन्त्री शेरबहादुर देउवा शनिबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोट पुगे । बिहीबार र शुक्रबार सत्तारुढ गठबन्धनका बैठक राखेका प्रधानमन्त्री देउवा शनिबार बालकोट पुगेका हुन् । गठबन्धनले संसद्को गतिरोध हटाउने पहलकदमी लिन प्रधानमन्त्री देउवालाई आग्रह गरेको थियो ।

गठबन्धनका नेताहरुको आग्रह बमोजिम प्रधानमन्त्री देउवा बालकोट पुगेका हुन् । प्रधानमन्त्री देउवालाई बालकोट गएर ओलीसँग कुरा गर्ने प्रस्ताव भने नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गरेका हुन् । गएको १० पुसमा प्रचण्डले सम्पादकहरुसँग यो विकल्पबारे बोलेका थिए । प्रचण्डले प्रधानमन्त्री नै बालकोट जानुपर्ने बताएका थिए ।

तर प्रधानमन्त्री देउवा बालकोट गएका थिएनन् । शनिबार ओलीलाई भेट्न पुगेपनि सकारात्मक जवाफ भने पाएनन् । प्रधानमन्त्री देउवाले ओलीलाई संसद् गतिरोध तोड्न आग्रह गरेका थिए । तर ओलीले भने संसद् अवरोध गर्नुपर्ने माग सम्झाए । "पार्टी विभाजन गर्न सभामुख, न्यायालय, निर्वाचन आयोगले सहयोग गरेको छ । एमालेले कारबाही गरेका सांसदहरुको अस्तित्व संसद्मा रहेसम्म अवरोध खुल्दैन", ओलीको जवाफ थियो ।

सभामुखले माधवकुमार नेपाल सहित १४ सांसदलाई पदमुक्त गरिएको सूचना नटाँसेसम्म संसद् अवरोध कायमै राख्ने ओलीको अडान छ । तर राजनीतिक रुपमा एमालेको माग सम्बोधन सहज देखिदैन । प्रधानमन्त्री देउवाले अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे पनि छलफल गरेका थिए ।

एमसीसी अनुमोदन गराउन ओलीको साथ देउवाले मागेका थिए । ओली एमसीसीबारे भने लचक छन् । तर गठबन्धन तोड्ने सर्तमा मात्रै एमसीसी अनुमोदन गराउन सहयोग गर्ने ओलीको अडान छ । अहिलेको सत्ता गठबन्धनका दलहरु मध्ये नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी एमसीसी अनुमोदनको पक्षमा छैनन् ।

त्यसैले एमालेको साथ नपाए एमसीसी अनुमोदन हुने देखिदैन । तर संसद् अवरोध कायमै रहेकाले एमसीसी मात्रै नभएर नागरिकता विधेयक लगायत रोकिएको छ । संसद् अवरोधकै कारण जनताका समस्याबारे सरकारको ध्यानाकर्षण गराउन सांसदहरुले पाएका छैनन् । गएको भदौ २ गते एमाले विभाजित गरी एकीकृत समाजवादी बनेपछि भदौ २३ गतेदेखि लगातार एमाले सांसदहरुले नाराबाजी र रोष्टम घेराऊ गरिरहेका छन् ।

संसद् गतिरोधबारे पूर्वराष्ट्रपति डा रामवरण यादवले समेत आवाज उठाएका छन् । जनताको प्रतिनिधिले बनाएको संविधानमाथि पछिल्ला चार वर्षमा बारम्बार आक्रमण भइरहेको यादवले बताए । "राष्ट्रपति र प्रधानमन्त्री मिलेर दुई-दुई पटक संविधानलाई खत्तम गर्न खोजियो, सदनमाथि आक्रमण गरियो", राजधानीमा आयोजित एक कार्यक्रममा पूर्व राष्ट्रपति यादवले भने ।

जनताको संघर्षको बलमा जारी संविधानले खडा गरेका संस्थाले संविधानलाई जोगाउन पहल गर्नुपर्नेमा त्यसो हुन नसकेको बताए । "यसलाई मजबुद बनाउनका साटो प्रहार गर्ने काम भयो", पूर्व राष्ट्रपति यादवले भने ।

# संघमा पदाधिकारी र सदस्यको टुंगो लगाउन दबाब

## एसोसिएसनमा आकांक्षीको अडान यथावत, अध्यक्ष नै सचिवमा उठ्ने

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, २४ पुस ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्वमा पठाउने व्यवसायीहरूबारे निर्णय लिन प्रमुख दल निकट व्यवसायीले छलफल जारी राखेका छन् । गत शुक्रबार संघको आगामी दुई बर्षे नेतृत्व सहमतिको आधारमा छनौट गर्ने सहमति भएको थियो। सहमति अनुसार संघको आगामी नेतृत्वमा पाँच प्रमुख राजनीतिक दल निकट व्यवसायीको संस्थागत प्रतिनिधित्व हुने छ ।

शनिबार साँझसम्म नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्च र संघीय समाजवादी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले संघ कार्यसमितिको उमेदवार टुंगो लगाएका छन् ।

द्वितीय उपाध्यक्ष र दुई सदस्य पाएको गणतान्त्रिक मञ्चका तर्फबाट द्वितीय उपाध्यक्षमा परमेश्वर अधिकारी र सदस्यमा केदारनाथ अधिकारी' दिपेन्द्र'को टुंगो लागेको छ भने अर्को सदस्यको टुंगो आइतबार लाग्ने बताइएको छ । तृतीय उपाध्यक्ष सहित कार्यसमितिमा एक सदस्य पाएको समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्षमा अख्तर हुसेन र सदस्यमा प्रेमराज लावतीलाई पठाउने निर्णय गरेको छ ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले आफ्नो प्रतिनिधित्व महासचिव मधुकर रिजालको नेतृत्वमा पठाउने भएपनि शनिबार साँझसम्म आधिकारिक निर्णय नगरिएको उपाध्यक्ष बाबुराम खड्काले मध्यान्हलाई जानकारी दिए। उक्त संगठनले महासचिवसहित तीन सदस्य पाएको छ ।

उमेदवार छनौट गर्न गठित संगठनका अध्यक्ष सन्तकुमार लामा, सल्लाहकार कमल सापकोटा, तिला काप्री, गोपाल भण्डारी र नरेन्द्र राउत रहेको समितिले उम्मेदवारको टुंगो लगाउने बताइएको छ।

प्रथम उपाध्यक्ष सहित तीन सदस्य पाएको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले हरि पाण्डे क्षेत्रीको नेतृत्वमा उम्मेदवार पठाउने बताइएको छ । तर निर्णय भने भएको छैन । प्रथम उपाध्यक्षमा पाण्डे सदस्यमा व्यवसायीहरू मिलन कट्टेल, सोमबहादुर लामा, देउमान नेम्वाङ, डिबि कार्कीबाट छनोट गरिने बताइएको छ । कट्टेलको पक्कापक्की भए पनि नेम्वाङ र कार्कीका सम्वन्धमा व्यवसायीहरू पदमराज पौडेल, नरेश गेलाल, राजेन्द्र भण्डारी, टंक राउत र भिष्मराज शर्मा शिवाकोटी रहेको उम्मेदवार छनौट समितिले निर्णय गर्ने बताइएको छ।

संघ कार्यसमितिमा अध्यक्ष, दुई पदाधिकारी र पाँच सदस्य पाएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले उम्मेदवार सिफारिस गरिसकेको छैन । एसोसिएसनमा संघका द्वितीय उपाध्यक्ष कमलदेव मल्ल, महासचिव

- बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### गणतान्त्रिक मञ्चको अध्यक्षमा जैसी र महासचिवमा डिमडोङ



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको नयाँ नेतृत्व चयन भएको छ। राजधानीको तिलगंगास्थित होटल आनन्द पशुपतिमा शुक्रबार सम्पन्न अधिवेशनले बरिष्ठ वैदेशिक रोजगार व्यवसायी एवं कान्तिपुर मेनपावर सर्भिस

- बाँकी पृष्ठ २ मा

## शेखर समूहको अडान

# चुनावसम्म गठबन्धन हुँदैन

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २४ पुस ।

सत्तारुढ पाँच दलीय गठबन्धनका नेताहरुले आगामी चुनावसम्मै नेकपा एमाले इतरको समूह रहने बताउँदै आएका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव चुनावसम्मै गठबन्धन लैजाने पक्षमा छन् ।

सार्वजनिक अभिव्यक्ति पनि दिदै आएका छन् । प्रचण्ड, माधव र उपेन्द्रले आगामी चुनावमा गठबन्धन गर्ने पनि प्रष्ट बताउने गरेका छन् । नेपाली काँग्रेसले चुनावमा एक्लै भाग लिएपनि तीन दलबीच गठबन्धनको संभावना देखिन्छ । प्रधानमन्त्री एवम् सभापति शेरबहादुर देउवा पनि गठबन्धन गरेर जान तयार रहेको बताउने गरेका छन् ।

तर मंसिर अन्तिम साता सभापतिमा प्रतिश्पर्धा गरेको डा.शेखर कोइराला समूह भने गठबन्धन कायम राख्न नहुनेमा देखिएको छ । यो समूहका नेताहरु शेखर, उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा लगायत नेताहरुले खुलेर गठबन्धन चुनावसम्म नरहने बताउने गरेका छन् ।



> शेरबहादुर देउवासँग नेपाली काँग्रेसको सभापतिमा पराजित डा.शेखर कोइराला समूह अहिलेको सत्तागठबन्धन चुनावसम्म राख्न नहुने पक्षमा उभिएका छन् । गठबन्धनका प्रधानमन्त्री रहेका शेरबहादुर देउवा भने चुनावसम्म नयाँ समीकरण नबन्ने बताउँदै आएका छन् ।

शनिबार मात्रै डा. शेखर कोइरालाले आउने निर्वाचनमा काँग्रेसको कुनै पनि राजनीतिक दलसँग गठबन्धन नहुने बताए । स्थानीय, प्रदेश र संघीय निर्वाचनमा कुनै पनि राजनीतिक दलसँग काँग्रेसको गठबन्धन नहुने स्पष्ट पारे ।

"काँग्रेस एक्लै चुनाव लड्छ । काँग्रेसका नेता तथा कार्यकर्ताले अबको निर्वाचनमा आफ्नै पार्टीको चुनाव चिन्ह रुखबाहेक अन्य चिन्हमा मत नहाल्ने आशय व्यक्त गरिसकेको छ । त्यसैले आगामी निर्वाचनमा कांग्रेसले एक्लै चुनाव लडेर पनि बहुमत ल्याउँछ", उनले भने ।

"आउने निर्वाचनमा १५ देखि २० लाख मानिसलाई पार्टीमा आबद्ध गराउन सक्यौं भने निर्वाचन जित्नेमा कुनै दुविधा छैन", कोइरालाले भने । पार्टीका सभापति तथा प्रधानमन्त्रीले आफूखुसी गर्नखोजे पार्टीले चुनावमा हारको सामना गर्नुपर्ने अवस्था आउनसक्ने नेता कोइरालाको भनाइ

- बाँकी पृष्ठ २ मा

# ‘वर्तमान गतिरोध अन्त्य गर्न सबैको प्रयास आवश्यक’

**काठमाडौं/मस-** पूर्वराष्ट्रपति डा.रामवरण यादवले जनताको प्रतिनिधिले बनाएको संविधानमाथि पछिल्ला चार वर्षमा बारम्बार आक्रमण भइरहेको बताएका छन् ।

शनिबार आयोजित कार्यक्रममा चन्द्रदेव जोशीद्वारा लिखित ‘मार्क्सवाद र विश्व कम्युनिष्ट आन्दोलन’ पुस्तकको विमोचन गर्दै उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जनप्रतिनिधिमूलक संस्था संसद् विघटन गरेर संविधानको मर्ममाथि प्रहार गरेको बताए ।

उनले भने, ‘राष्ट्रपति र प्रधानमन्त्री मिलेर दुई-दुई पटक संविधानलाई खत्तम गर्न खोजियो, सदनमाथि आक्रमण गरियो ।

जनताको संघर्षको बलमा जारी संविधानले खडा गरेका संस्थाले संविधानलाई जोगाउन पहल गर्नुपर्नेमा त्यसो हुन नसकेको उनको गुनासो थियो । ‘यसलाई मजबुद बनाउनका साटो प्रहार गर्ने काम भयो’ उनले भने ।

जिम्मेवार व्यक्तिबाट बारम्बार प्रहार गरिएको संविधान जोगाउन पाँच दल, नागरिक समाज, नेपाली जनता र अदालतले बचाएको बताए । पछिल्ला समय न्यायालयमा देखिएको विकृतिप्रति चिन्ता व्यक्त गर्दै उनले मुलुकमा सुखद् संकेत नदेखिएको बताए ।



उनले भने, ‘अदालतमा यो स्थिति छ, संसद्मा त्यो स्थिति छ, यो व्यवस्थालाई बचाएर लैजान राष्ट्रपतिको के कर्तव्य छ, सरकारको के दायित्व छ ?

सरकारले राज्यको कार्यकारिणीको दायित्व छ, राजनीतिक दललाई एक ठाउँमा राखेर छलफल गरेर अदालतलाई कसरी चलाउने ? प्रतिनिधिसभालाई कसरी अगाडि लैजाने ? सम्पूर्ण समस्याको समाधान गर्ने थलोलाई बन्धक बनाएर राखिएको छ ।’

उनले वर्तमान राजनीतिक गतिरोधलाई अन्त्य गर्दै उन्नत समाज निर्माणमा सबैको प्रयास केन्द्रित हुनुपर्ने बताए । राजनीतिक दलहरूमा देखिएको विचलन र भ्रष्टीकरणले नेपाली जनता सन्तुष्ट नभएको उनको भनाइ थियो । लोकतान्त्रिक र वामपन्थी शक्ति मिलेर नेपालमा राजनीतिक परिवर्तन भएको उनले बताए । पुस्तकमाथि डा.इन्दिरा अधिकारी, डा.हरि रोका र डा. सुरेन्द्र केसीलगायतले समीक्षा गरेका थिए ।

एमाले जिल्ला अधिवेशन

## पाल्पाको अध्यक्षमा घिमिरे निर्वाचित

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, २४ पुस

नेकपा एमाले पाल्पाको अध्यक्षमा धनेन्द्रराज घिमिरे सर्वसम्मत रुपमा निर्वाचित भएका छन् । यसअघि पनि दुई पटक एमाले पाल्पाको नेतृत्व सम्हालेका घिमिरे तेस्रो पटक सहमतिमा अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

एमालेको शुक्रबारदेखि शुरु भएको नवौं अधिवेशनबाट उपाध्यक्षमा देवीलाल लामिछाने, सचिवमा भोजराज पोखरेल (रामजी) निर्वाचित भएका छन् । यस्तै उपसचिवमा टिका थापा र सुनिता शर्मा निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

अधिवेशनले एक सय पाँच जनाको जिल्ला कमिटी निर्वाचित गरेको छ । अधिवेशनमा जिल्लाभरबाट सात सय बढी प्रतिनिधिको सहभागिता रहेको थियो । अध्यक्ष पदका लागि निवर्तमान अध्यक्ष नारायणप्रसाद आचार्य, पूर्व कार्यबहाक अध्यक्ष देवीप्रसाद बस्याल, निवर्तमान उपाध्यक्ष मोहन थापा, निवर्तमान सचिव ओमबहादुर घर्तीमगर, रिब्दीकोछट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर जिसी र पूर्व सभासद् नारायणी घिमिरेको नाम चर्चामा थियो ।

तर अन्तमा केन्द्रीय नेतृत्वको हस्तक्षेपले तेस्रो विकल्पमा पुरानै नेतृत्व आएको स्रोतले जनाएको छ । अध्यक्ष लगायत सचिव पदमा समेत एक जनाभन्दा बढी आकांक्षी रहेका थिए ।

पाल्पामा पनि पार्टीयाँ केन्द्रीय उपाध्यक्ष विष्णु पौडेललाई नेता मान्ने र महासचिव शंकर पोखरेललाई नेता मान्ने गरी दुई खेमामा नेताहरू विभाजित भएका थिए । स्रोतका अनुसार बिहीबार एमालेका उपाध्यक्ष विष्णु पौडेल पाल्पा आएर थिए । पौडेलले अध्यक्षसहित पदाधिकारीहरुको विषयमा आफ्नो कुरा राखेर बिहीबार राति नै फर्किएको स्रोतको दावी छ ।

## ‘ओमिक्रोन’को जोखिम रोक्न विशेष योजना बनाउन माग

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, २४ पुस

लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा सञ्चारमन्त्री तिलकराम शर्मा र आर्थिक मामिला तथा योजना राज्यमन्त्री शुष्मा यादवले कपिलवस्तको कृष्णनगर नगरपालिका १ शिवानगर र सेमरामा निर्माण भइरहेको होल्डिंग सेन्टरको शनिबार अनुगमन तथा निरीक्षण गरेका छन् ।

निरीक्षण पश्चात मन्त्रीद्वयले कृष्णनगर नगरपालिका ३ चैपुरवामा नेकपा (माओवादी केन्द्र) लगायत अन्य नेता तथा कार्यकर्तासँग भेटघाट गरेका छन् ।

नेकपा माओवादी केन्द्र कृष्णनगर नगर कमिटी अध्यक्ष जावेद आलम खानको घरमा भएको उक्त भेटघाटमा माओवादी केन्द्रका लुम्बिनी प्रदेश सदस्य मौलाना मशहूद खां नेपालीले केहि समय अगाडि कोभिड -१९ का कारण प्रदेशमा बसोबास गर्ने व्यक्तिहरूको आर्थिक अवस्था कमजोर बनेको बताउँदै पुनः कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन भाइरसको जोखिम रोक्न योजना बनाउनुपर्ने बताए । उनले कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन रोक्न प्रदेश स्तरमा विस्तृत रूपमा रोकथाम गर्नुपर्ने र सम्भावित जोखिम पहिचान गरि विशेष योजना बनाउन मन्त्रीहरूसँग माग समेत गरे ।

सो अवसरमा मन्त्रीद्वयले कृष्णनगर नगर कमिटी अध्यक्ष खांलगायत निर्वाचित सम्पूर्ण पदाधिकारीलाई बधाई समेत दिए । उक्त भेटघाट तथा छलफलमा नेकपा माओवादी केन्द्र लुम्बिनी प्रदेश सदस्य हजरत अली खान, युवा नेता तोफेल खान, राष्ट्रिय मदरसा संघका उपाध्यक्ष शैख जैस मक्की, नियाज अहमद, रूद्र लाल बन्जाडे, अजय गोयल, जुम्मन खा, गीता वर्मा, प्रल्हाद यादव, अब्दुल अजिज, जुबेर खान, विनय शर्मा, खुर्सेद आलम, शाहिद खानलगायत अन्य नेता तथा कार्यकताहरूले आ- आफ्नो क्षेत्रको समस्या दर्शाउँदै विविध विषयमा विस्तृत छलफल भएको तथा पार्टीलाई थप मजबुत बनाएर लैजानुपर्नेमा जोड दिएका थिए ।

## खस क्षेत्री एकता समाज पुनर्गठन, संयोजकमा केसी



**काठमाडौं/मस-** खस क्षेत्री एकता समाज पुनर्गठन भएको छ।काठमाडौं सितापाईला रातोभाले रेष्टुरेण्टमा भएको भेलाले राजन केसीको अध्यक्षतामा ५१ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

केसी संयोजक रहेको समाजको सदस्यमा बलिराज शाही, मान बहादुर धामी, युवराज भट्टराई, भरत केसी, राज बहादुर भाम, भम कला ऐडी, हुकम सिंह, लक्ष्मण थापा, तारा कार्की, सन्तोस कार्की, अमर खत्री, तारा वलि, पुर्ण बहादुर खत्री, ज्ञानेन्द्र कार्की, प्रेमकाजी क्षेत्री, दीपक थापा, हेमराज थापा, राम बहादुर भण्डारी, पुर्ण बस्नेत, हरेराम अधिकारीलगायत रहेका छन् ।

कार्यक्रममा अध्यक्षाको आसनबाट बोल्दै राजन केसीले उत्पीडित खसहरुको पहिचान र अधिकारको लागि समाज पुनर्गठन गरिएको बताए । खसहरुको अधिकारका लागि आफुहरु निरन्तर संघर्षमा उनले बताए ।

संयोजक केसीले उत्पिडीत खस क्षेत्रीलाई आदिवासी ऐनमा सूचीकरण गर्नुपर्ने, खसहरुलाई स्वतन्त्र पहिचानसहित आरक्षणको व्यवस्था हुनुपर्ने, ऐतिहासिकि पहिचानको आधारमा खसान राज्य स्थापना हुनुपर्ने माग राखे ।

संयोजक केसीले भने,‘यसैको पूर्तिको लागि खस आन्दोलन शुरु गरीयो । आजसम्म पनि निरन्तर यिनै माग मुद्दामा क्रियाशील छौं । खस आन्दोलनसँगै खस जागरण अभियान पनि जारी छ । हाम्रो खस अभियानले जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिकाले दुई विद्यालयमा खसभाषा पाठ्यक्रम शुरु गरेको छ । पातारासीमा सम्पूर्ण खसहरुको इतिहास झल्कने खसग्रालय बन्दैछ । खस सभ्यताका संस्थापक जाबेश्वर नागराजको नाममा विश्वविद्यालय वा प्रतिष्ठान बनाउने प्रदेश सरकार र संघ पनि छलफल भैरहेको छ ।’

खसहरुको सनातन धर्म परिवर्तनमा आँखा लगाउने पतितहरु कलंकित पात्र हुने संयोजक केसीले बताए । ‘हामीले मष्ठधर्मको अवधारणा आउँदा यो छुट्टै धर्म होइन, हिन्दुधर्मको पन्थहो भनेको थियौं । आज पनि म त्यसैमा प्रतिबद्ध छु । एकाएक नयाँ धर्म गुरुले जबरजस्ती राजनीतिक आडमा खसहरुको सनातनहिन्दुधर्म जनगणनामै परिवर्तन गर्न खोजेपछि खसक्षेत्री समुदायको प्रतिरक्षाको दायित्व सम्झिएर रक्षात्मक आन्दोलन गरेका हौं ।’

कार्यक्रममा बोल्दै समाजका कर्णाली प्रदेश इन्चार्ज बलिराज शाहीले खसहरुको पुरातन संस्कृति अन्तर्गत मष्ठो सस्कार रहेको बताए । खसहरुको धर्म परिवर्तनको मुद्दा लिएर विश्व मष्ठ धर्म महासंघ गठन भएको र मननै नमिलेर बस्नु राम्रो नहुने उनले बताए।

खस समाजका केन्द्रीय सदस्य युवराज भट्टराईले विदेशीको इसाराबाट सञ्चालित संस्थाले धर्म परिवर्तनका लागि देशकै ढुकुटी माग्ने कत्रो हिम्मत गरेको भन्दै आक्रोश व्यक्त गरे । उनले विश्व मष्ठधर्म महासंघको आधिकारिता नबुझेरै निवेदन दर्ता गर्ने कस्तो सरकारी निकाय भन्दै प्रश्न गरे । उनले सरकारलाई अनुरोध गर्दै भने, ‘जसले सहीछाप गरेर निवेदन गरेका छन् । उनीहरुको घर ठेगाना खोजेर उनीहरुकै धर्म परिवर्तन गरेर राज्यलाई आवश्यक लाग्यो भने तिनीहरुकै प्रतिष्ठान खडागरे हुन्छ । तर डमी संस्थाको निवेदनलाई आधार मानेर सनातन हिन्दुधर्म मान्ने उत्पिडीत खस क्षेत्रीहरुको बारेमा सरकारले कुनैपनि ठोस् निर्णय नगरोस ।’ खससमाजका केन्द्रीय सदस्य भरत केसीले कार्यक्रम सञ्चालन गरेका थिए।

## एक दिवसीय नेतृत्व विकास प्रशिक्षण कार्यक्रम सम्पन्न




**काठमाडौं / मस :** च्यालेन्ज फर चेन्ज एवं फेमिली पिस एशोसियसनद्वारा आयोजित नेतृत्व क्षमता विकास अभिमुखीकरण सम्बन्धी एक दिवसीय कार्यशाला गोष्ठी शनिवार सम्पन्न भएको छ ।

काठमाडौंको छाउनीस्थित पञ्चकन्या माध्यामिक विद्यालयमा आयोजित उक्त कार्यशाला गोष्ठीमा संस्थाका अध्यक्ष प्रा.डा किशोर कुमार राजभण्डारी तथा अन्तर्राष्ट्रिय आर्ट एक्टका अध्यक्ष रामहरि गिरीले प्रशिक्षण दिएका थिए । कार्यक्रममा विभिन्न शैक्षिक संस्था र स्वयंभू एथ्लेटिक्स ट्रेनिङ सेन्टरका विद्यार्थी एवं खेलाडीहरुले प्रशिक्षण लिएका थिए ।

कार्यक्रममा पञ्चकन्या मा.वि. का प्रधानाध्यापक रूपा मानन्धर, स्वयंभू एथलेटिक्स ट्रेनिङ सेन्टरका अध्यक्ष रमेश सुनार, तेक्वान्दो प्रशिक्षक मोहम्मद ताज आलमलगायतको उपस्थिति रहेको थियो ।

## प्याब्सन दिवसको अवसरमा फलफूल तथा खाद्यान्न वितरण

**प्रदिप ज्ञवाली / मध्यान्ह**
सैनामैना, २४ पुस ।

निजी तथा आवासीय विद्यालयहरुको संगठन नेपाल (प्याब्सन)ले देशभर विभिन्न रचनात्मक कार्यक्रम गरी ३१ औं प्याब्सन दिवस भब्यताका साथ मनाएको छ । दिवसको अवसरमा रुपन्देहीको प्याब्सन सैनामैनाले पनि वडा नम्बर १ स्थित अभियान बाल गृहमा रहेका द्वन्द्वपीडित बालबालिकाहरुलाई एक कार्यक्रम आयोजना गरी फलफूल तथा खाद्य सामग्री वितरण गरेको हो ।

सो अवसरमा कार्यक्रममका प्रमुख अतिथि रहेका प्याब्सन रुपन्देहीका अध्यक्ष अनन्तराम शर्माले शिक्षा क्षेत्रमा महत्वपूर्ण काम गरिरहेका संस्थागत विद्यालयहरुलाई सरकारी पक्षले संधै बेवास्ता गरिरहेको आरोप लगाए । प्याब्सन सैनामैनाका अध्यक्ष धर्मराज घिमिरेले गुणस्तरीय शिक्षाका लागि प्याब्सन र निजी विद्यालयहरुको महत्वपूर्ण भूमिका रहेको बताए ।

कार्यक्रममा बालगृहका संरक्षक तिलक शाहीले बालगृहको स्थापनाको उद्देश्य तथा ब्यवस्थापन र चुनौतिका बिषयमा प्रकाश पारेका थिए । प्याब्सन सैनामैनाका कार्यसमिति सचिब टोपलाल भट्टराईले संचालन गरेको कार्यक्रममा प्याब्सन सैनामैनाका कार्यसमिति सदस्य श्रवण कुमार शर्माको पनि उपस्थिति रहेको थियो । उक्त बालगृहमा १२ जना द्वन्द पीडित बालबालिका रहेका छन् ।

### संघमा...

सुजित श्रेष्ठ र पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरूङले अध्यक्षमा दावी गरिरहेका छन् । एक साता यता दैनिक सहमति गराउने पहल भएपनि कोही पछि नहटेको बताइएको छ । शनिबारदेखि चर्चामा रहेका तीन वाहेक एसोसिएसनका पूर्व अध्यक्षलाई पठाउनुपर्ने चर्चा पनि शुरू गरिएको छ। यद्यपि संघका पूर्व अध्यक्ष तिलकबहादुर रानाभाटले नेतृत्व बिकासलाई मध्यनजर गर्दै पूर्व अध्यक्षबीच नदोहोऱ्याइने बताए । आकांक्षी धेरै भएका कारणले एसोसिएसनले पाएको कोटामा सबैलाई समेट्न समस्या रहेको बताइएको छ । एसोसिएसन भित्र देखिएको प्रतिश्पर्धाले संघमा सहमतिको नेतृत्व चयन गर्ने शुक्रबारको सहमति नै उल्टिने त होइन भनी एसोसिएसनवाहेक अन्य घटकको चिन्ता र चासो बढेको छ । एसोसिएसनले संघ र एसोसिएसनको आगामी नेतृत्वको विषयलाई एकै ठाउँमा मिलाएर छलफल चलाएको र सोही अनुसार उम्मेदवार छनौट गर्ने बताइएको छ । पार्टीका निर्वाचन प्रतिनिधि सुरेन्द्र पाण्डे राजधानीमा नरहेको भन्दै शनिबार एसोसिएसनको आधिकारिक छलफल भएन । अध्यक्ष पछि एसोसिएसनले पाएको सचिव पदका लागि पनि धेरै व्यवसायीले चासो राखेका छन् । संघमा निर्वाचन भएको भए एसोसिएसनले पुरै प्यानल जित्ने अवस्थारहेको बेला कार्यसमितिमा आधाभन्दा कम सिटमा सहमति जनाएर आत्मसमर्पण गरेको भन्दै कतिपय व्यवसायीले आलोचना गरेपछि एसोसिएसन अध्यक्ष नरेन्द्र ढकालले आफू संघको सचिवमा गएर भए पनि तालमेल र सहमतिको मर्म अनुसारको काम संघ नेतृत्वबाट गराएर उपलब्धि देखाएर छोड्ने भन्दै सचिवको उम्मेदवार बन्ने चेतावनी दिएको बताइएको छ । सोमबार मनोनयन दर्ताको समय भएका कारणले आइतबार उम्मेदवार टुंगो लगाउनै पर्ने वाध्यता छ ।

### गणतान्त्रिक

प्रा.लि.का संचालक धनलाल जैसीको अध्यक्षतामा ४१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । मञ्चको महासचिवमा युवा व्यवसायी, नेकपा माओवादी केन्द्रकोश्रम तथा रोजगार विभागका केन्द्रीय सदस्य कुन्छा दोर्जे डिमडोङ चयन भएका छन् । डिमडोङ सिनामंगलस्थित आकृति रिक्रुटिंग प्रा.लि.का संचालक हुन् ।

पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं पार्टीको श्रम तथा रोजगार विभागका ईन्चार्ज रामेश्वर राय यादवको प्रमुख अतिथ्यता तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य, प्रवास कमिटीका सह ईन्चार्ज तथा नेपाल वैदेशिक रोजगार गणतान्त्रिक मञ्चका ईन्चार्ज लक्ष्मण पन्तको विशेष आतिथ्यतामा सो अधिवेशन सम्पन्न भएको थियो ।

अधिवेशनले मञ्चका संस्थापक अध्यक्ष दिल प्रसाद पोखरेल, पूर्व अध्यक्ष रामप्रसाद भान्तना र नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष प्रेम कटुवाललाई मञ्चको संरक्षकमा चयन गरेको छ ।

यस्तै मञ्चको सल्लाहकारमा संघका पूर्व सचिव एवं अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.का संचालक ईश्वर जिसी र कानूनी सल्लाहकारमा अधिवक्ता देवराज कटुवाल चयन भएका छन् ।

### शेखर ...

थियो । उहाँले सभापतिले म सबैको हुँ भने पनि विश्वासको वातावरण बनिनसकेको दाबी गरे । “सभापतिले म सबैको सभापति हुँ भन्नुभएको छ, त्यो देखाउनु पऱ्यो । देखिने गरी हुनुपऱ्यो, न्यायसङ्गत हुनुपऱ्यो”, कोइरालाले भने ।


# Shadananda Municipality
## Office Of the Municipal Executive
**Dingla, Bhojpur**
**Province No.1, Nepal**

## Invitation for Electronic Bids

**First date of Publication: January 9, 2022, A.D. (2078/09/25 B.S.)**

1. The Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur, Province No. 1, Nepal, invites electronic bids from eligible suppliers as below.


| Contract ID | Name of Project | Estimated Amount (With VAT and PS) | Bid document Cost NRs. | Bid Security Amount (NRs) | Bid Validity | Deadline for bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| Shadmun/W/NCB /09/078/79 | Dingla Buspark Nirman | 69,16,593.47 | 3,000.00 | 175000 | 90 days | 8th Feb, 2022, 12:00 Hrs | 8th Feb, 2022, 13:00 Hrs |
| Shadmun/W/SQ /10/078/79 | Ward karyalaya Bhawan Nirman (Ward no-01) | 17,61,981.32 | 1,000.00 | 45000 | 45 days | 24th Jan, 202212:00 Hrs | 24th Jan, 2022, 13:00 Hrs |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of PPMO website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document and bid security in Bank are given below:

**Name of Bank** : Rastriya Banijya Bank, Dingla Branch, Bhojpur
**Name of the Office** : Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur
**Office Code** : 801010702
**Revenue Account no** : ga-1-1-2290100301010002 (to deposit cost of bidding documents)
**Dharauti Khata Account no** : ga-3- 2290100303000002 (to deposit Bid Security)

4. The bids will be opened in the presence of Bidder's representatives who choose to attend as mentioned above date and time at the Office of Shadananda Mucipality, Office of Municipal Executive, Dingla, Bhojpur. Bid security must be in pdf format which shall be valid for 30 days beyond the bid validity period. Bid Security should be issued in the name of Purchaser.
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Other related rules and regulations are as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064 following all revisions and other prevailing law of Nepal.

**Chief Administrative Officer**



पिठ्युमा दाउराको भारी र हातमा पानीको बोतलसँगै जोखिमपूर्ण काठको लाप्को (काठको पुल) पार गरेर घर फर्कँदै गरेकी डोल्पाको मुड्केचुला गाउँपालिकास्थित मालुवाकुना बस्ने स्थानीय वृद्ध महिला । झोलङ्गे पुल नहुँदा स्थानीयहरु दैनिक जोखिम मोलेर आवतजावत गर्ने गर्दछन् । तस्वीर : रासस

# नेपालगन्जमा मासिक गजल गोष्ठी

बाँके डायरी
पवन जायसवाल/मध्यान्ह



बाँकेको नेपालगन्जमा रहेका उर्दू साहित्यकारद्वारा हरेक महिनाको अन्तिम शनिबार गरिने मासिक गजल गोष्ठी शनिबार सम्पन्न गरेको छ ।

नेपालगन्ज उप-महानगरपालिका वडा नं.८ स्थित महेन्द्र पुस्तकालयमा शनिबार सम्पन्न गुल्जार-ए- अदब बाँकेद्वारा आयोजित कार्यक्रममा उर्दू साहित्यकारहरुले गजल वाचन गरेका थिए ।

आदिल सर्वर नेपालीको अध्यक्षतामा सम्पन्न गोष्ठीमा नेपालगन्जका उर्दू साहित्यकार तथा ईमाम अहमद बिन हम्बल विकास केन्द्रका मौलाना अन्सर नेपालीले कार्यक्रम सञ्चालन गरेका थिए ।

गोष्ठीमा गुल्जार-ए-अदब बाँकेका अध्यक्ष हाजी अब्दुल लतीफ शौक, अवधी साँस्कृतिक बिकास परिष्दका अध्यक्ष सच्चिदानन्द चौवे, सैय्यद असफाक रसूल हाशमी, सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी, अन्सर नेपाली, मेराज अहमद (हिमाल), अव्दुल हमीद सिद्दीकी (भोला), इस्माइल अन्सारी, आदिल सर्वर नेपाली, जमील अहमद हाशमी, मोहम्मद यूसुफ आरफी, लगायतले 'तुम जब गये शाँम झलकती है सहर में' मिश्ररामा आ-आफ्ना गजल वाचन गरेको अन्सर नेपालीले बताएका छन् ।

# अग्रपंक्तिमा खटिनेलाई 'अतिरिक्त मात्रा'



**काठमाडौं/मस**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अग्रपंक्तिमा काम गर्ने र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई कोभिड-१९ विरुद्धको थप एक अतिरिक्त (तेस्रो) मात्रा खोप दिने भएको छ ।

मन्त्रालयका सचिव डा.रोशन पोखरेलका अनुसार माघको पहिलो हप्ताबाट अग्रपंक्तिमा काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई र माघको दोस्रो हप्ताबाट रोग प्रतिरोधात्मक क्षमतामा कम भएका तथा ६० वर्षमाथिका सबैलाई अतिरिक्त थप एक मात्राको खोप लगाउने भएको जानकारी दिए ।

उनले सम्भावित कोरोना भाइरसको तेस्रो लहरलाई दृष्टिगत गर्दै कोरोना भाइरसको थप एक मात्रा (तेस्रो मात्रा) दिइने थालेको बताए ।

नेपालमा अहिले कूल परीक्षण गराएकामध्ये कोभिड-१९ संक्रमण ८.४९ प्रतिशतमा देखिएको छ । शुक्रबार मात्र १४ हजार ९७१ जनामा परीक्षण गर्दा ९६८ जनामा संक्रमण देखिएको थियो । यस्तै शनिबार नेपालमा थप ९ सय ४४ जनामा कोरोना संक्रमण देखिएको छ । १३ हजार २ सय ६४ जनामा गरिएको परीक्षणमा उक्त संख्यामा संक्रमण देखिएको हो ।

कोभिड-१९ खोप सल्लाहकार समितिको सिफारिसमा मन्त्रालयले थप एक मात्रा खोप दिइन थालेको हो । शुक्रबार मात्र २४ जनालाई कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट देखिएको थियो । यसअघि गम्भीर प्रकृतिका रोग भएका बिरामी र रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसलाई अतिरिक्त मात्रा खोप एक दिन मात्र (यही पुस २० गते) लगाएर स्थगित गरिएको थियो ।

मन्त्रालयले सबै नागरिकलाई कोभिड-१९ विरुद्धको पूरा मात्रा खोप लगाएपछि मात्र अतिरिक्त खोप दिने निर्णय गरेपछि एक दिन लगाएर स्थगित गरेको थियो । मन्त्रालयले राष्ट्रिय खोप अभियान द्रुत गतिमा सञ्चालन गरेर यही पुस मसान्तभित्रमा लक्षित सबैलाई खोप लगाउने तयारी गरेको छ ।

यस्तै, मन्त्रालयले कोभिड-१९ विरुद्धको पूर्ण खोप लगाएको तीन महिना पुगेका अग्रपंक्तिमा रहेका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वास्थ्यसंस्थामा काम गर्ने कर्मचारी, सरकारी निकायमा काम गर्ने कर्मचारीलाई खोपको अतिरिक्त एक मात्रा खोप लगाइनेछ ।

यस्तै, कोभिड-१९ विरुद्धको पूर्ण मात्रा खोप लगाएको ३ महिना पुगेका ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको साथै मध्यम तथा गम्भीर रुपमा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्ति सक्रिय क्यान्सरका रोगी, अंग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारका क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषधि सेवन गरिरहेका बिरामीलाई पनि अतिरिक्त मात्रा खोप दिइने जनाएको छ । अहिले सरकारसँग एक करोड दुई लाख मात्रा खोप रहेको छ ।

स्वास्थ्य सचिव डा.पोखरेलले सम्भावित तेस्रो लहर रोक्नका लागि सीमा नाकामा एन्टीजेन परीक्षण बढाइएको समेत बताए ।

२४ घण्टामा दुई लाख बढीले लगाए खोप पछिल्लो समय दुई लाख ४३ हजार ४६० जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर सक्रिय संक्रमितको संख्या ६ हजार १४० रहेको छ ।

# जनकल्याण युवा क्लवद्वारा सम्मान




बाँकेको नेपालगन्जमा रहेको जनकल्याण युवा क्लबले बिदाई, सम्मान तथा प्रमाणपत्र-वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालगन्ज उप-महानगरपालिका १९ बसुदेवपुरको सुर्जीगाउँमा रहेको जनकल्याण युवा क्लबका उपाध्यक्ष दिपेन्द्र जायसवालको अध्यक्षता, नेपाल शिव सेना केन्द्रीय अध्यक्ष राजकुमार रौनियारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा क्लबका २० जनालाई सदस्यता प्रमाण-पत्र वितरण गरिएको थियो ।

कार्यक्रममा क्लबको विधान अनुसार ४० वर्ष नाघेकालाई विदाई गर्नुपर्ने भएकोले क्लबका रंजीतकुमार बैश्य र सहसचिव बेद प्रकाश जायसवाललाई गम्छा ओढाएर, अबीर लगाई प्रमाण-पत्र प्रदान गर्दै प्रमुख अतिथि राजकुमार रौनियार र क्लबका सल्लाहकार सोहनलाल वर्माले बिदाई गरेका थिए ।

कार्यक्रममा नयाँ सदस्य शोभाश्री विश्वकर्मा, चन्द्रप्रकाश जायसवाल, मुना राना क्षेत्री लगायतलाई गम्छा र अबीर लगाएर स्वागत गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि राजकुमार रौनियारले अबको समयमा हरेक गाउँ-गाउँमा युवाहरु जाग्ने समय आएको बताए । क्लबमा आबद्ध भई विकास कार्य गर्नुपर्ने उनले बताए । रंजीत कुमार बैश्य, सल्लाहकार सोहनलाल वर्मा, गोमती प्रसाद वर्मा, शोभाश्री बिश्वकर्मा लगायतले सबैभन्दा पहिला आफ्नो गाउँठाउँलाई सफा सुग्घर, फोहोररहित बनाउन आवश्यक रहेको भन्दै त्यसपछि वडास्तरको सरसफाई अभियानलाई अगाडी बढाउनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि राजकुमार रौनियारले क्लबमा आबद्ध मानिष जायसवाल, गौरब जायसवाल, राम गोपाल वर्मा, गगंनदीप गुप्ता, चन्द्रप्रकाश जायसवाल, कृष्ण कुमार गुप्ता, धर्मप्रकाश जायसवाल, दिलिप जायसवाल लगायत २० जनालाई सदस्यता प्रमाण-पत्र वितरण गरेका थिए ।

बेदप्रकाश जायसवालले संचालन गरेको कार्यक्रममा क्लबका पदाधिकारी, गाउँका गणमान्य व्यक्तित्व, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । स्थानीय कालीमाई मन्दिरको धर्मशालामा कार्यक्रम सम्पन्न भएको क्लबका सचिव सञ्जय हरिजनले जानकारी दिए ।

# ब्राउनसुगरसहित युवा पक्राउ

**बनियानी/मस**-झापाको मेचीनगर-६ स्थित मेची भन्सार कार्यालय गेट अगाडिबाट लागूऔषध ब्राउनसुगरसहित प्रहरीले शनिबार दिउँसो एक युवा पक्राउ गरेको छ। पाँचथर फागुनन्द गाउँपालिका-३ गुफाडाँडाका २६ वर्षीय राकेश तामाङलाई प्रहरीले ५० ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त पाठकले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय झापा, लागुऔषध नियन्त्रण ब्यूरो काँकडभिट्टा र इलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले शंका लागेर जाँच गर्दा उनको साथबाट प्लाष्टिकमा पोको पारिएको अवस्थामा ब्राउनसुगर बरामद गरेको थियो । पक्राउ परेका तामाङलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टामा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# नागार्जुन साहित्यिक प्रतिष्ठानको अध्यक्षमा पौडेल, तीन स्रष्टा सम्मानित





**काठमाडौं/मस**- नागार्जुन साहित्यिक प्रतिष्ठानको शनिबार सम्पन्न १२ औं अधिवेशनले साहित्यकार दिल पौडेलको अध्यक्षतामा १५ सदस्यीय नयाँ नेतृत्व चयन गरको छ । सिन्धुली निवासी पौडेल हाइकु, तान्का, कविता आदि विधामा सक्रिय छन् । सो प्रतिष्ठानको २१ औं वार्षिकोत्सवका अवसरमा आयोजित अधिवेशनमा अधिवेशनमा सर्वसम्मतरुपमा केन्द्रीय कार्यसमिति चयन गरेको हो ।

प्रतिष्ठानको वरिष्ठ उपाध्यक्षमा माधव निर्दोष, उपाध्यक्षमा यशोदा अधिकारी, महासचिवमा युवराज काफ्ले 'नास्तिक', सचिवमा माधव घिमिरे 'अटल', र कोषाध्यक्षमा शिवहरि पाण्डे रहेका छन् ।

कार्यसमितिको सदस्यहरुमा एक सदस्यपछि थप्ने गरी देवकुमारी लुइँटेल, रामदेव पाण्डे, इन्द्रकुमार श्रेष्ठ 'सरित', दिल श्रीष, गंगा खतिवडा, प्रकाश कोइराला, गोविन्दराज शिवाकोटी, विष्णुकुमारी सुवेदी र अनिमाकुमारी पौडेल निर्वाचित भएका छन्। प्रतिष्ठानका निवर्तमान अध्यक्ष प्रकाश सिलवालले पौडेललाई कार्यभार हस्तान्तरण गरेका थिए ।

सभामा निर्वाचनका लागि साहित्यकार डा.रमेश शुभेच्छुका संयोजकत्वमा चेतनाथ धमला र कृष्ण तामाङ सदस्य रहेको समिति बनाइएको थियो । बन्दसत्रमा समसामयिक साहित्यिक प्रस्ताव लेखन समितिका संयोजक डा.हरि सिलवालले पेश गरेका १९ बुँदे साहित्यिक रुपान्तरण र अभियानसँग सम्बन्धित बुँदाहरुलाई पारित गरिएको थियो । सभामा निवर्तमान महासचिव माधव निर्दोषको सांगठनिक प्रतिवेदन र निवर्तमान कार्यबाहक कोषाध्यक्ष शिवहरि पाण्डेको आर्थिक प्रतिवेदन र अध्यक्ष सिलवालाको विधान संशोधन प्रस्ताव छलफलसहित पारित गरेको थियो ।

**तीन स्रष्टालाई सम्मान**

कार्यक्रममा प्रतिष्ठानले लोकतान्त्रिक साहित्यिक आन्दोलनमा योगदान दिने तीन साहित्यकारलाई यस वर्षको स्रष्टा सम्मान प्रदान गरेको थियो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रप्रसाद उपेतीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यत्रपममा साहित्यकारहरु वासुदेव अधिकारी र डा.बेञ्जु शर्मा र मातृका पोखरेललाई सम्मान प्रदान गरियो । उनीहरुले आफ्ना साहित्यिक विधाका साथै लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको शान्तिपूर्ण आन्दोलनमा अगुवाइपूर्ण भूमिका निर्वाह गरेर दिएको योगदानको मूल्याङ्कन गर्दै सो सम्मान दिन लागिएको जनाइएको छ ।

**कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धी सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०८/२६ को निर्णयानुसार यस सफल मन्टेश्वरी प्रि प्राइमेरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **सफल प्रिमरोज मन्टेश्वरी स्कुल प्रा.लि. (Safal Primrose Montessori School Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने र साविक रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी नागार्जुन न.पा. वडा नं. १०, काठमाडौं, बागमतीमा स्थानान्तरण गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सफल प्रिमरोज मन्टेश्वरी स्कुल प्रा. लि.**
**Safal Primrose Montessori School Pvt. Ltd.**
**प्रा.लि. नं.: १३१९०२**
नागार्जुन न.पा. वडा नं. १०, काठमाडौं, बागमती ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**मोर्डन स्ट्रक्चर कन्सल्टेन्ट प्रा.लि.** को २०७८।०६।१४ को विशेष साधारण सभाले कम्पनीको नाम परिवर्तन गर्ने सम्वन्धमा विशेष प्रस्ताव पारित गरी कम्पनीको नाम **एम.एम.एस.मोर्डन स्ट्रक्चर कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.** कायम गर्ने निर्णय गरेकोमा श्री कम्पनी रजिट्रारको कार्यालयवाट मिति २०७८।०६।१८ को निर्णयवाट साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोनुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा उक्त नाम परिवर्तन गर्न स्विकृति प्रदान गरेको हुदा उक्त **मोर्डन स्ट्रक्चर कन्सल्टेन्ट प्रा.लि.** नाम परिवर्तन भई **एम.एम.एस.मोर्डन स्ट्रक्चर कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.** कायम हुन गएको व्यहोरा सम्वन्धीत सवैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**संस्थाको ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**लक्ष्मीपूजा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को मिति **२०७८/०९/१७** गते सम्पन्न ११ औं साधारण सभाले संस्थाको कार्यालय साविक **का.म.पा.-२८ कमलादी बाट का.म.पा.-१६ बनस्थली, खरिबोट**मा सार्ने निर्णय भएकोले सोही बमोजिम संस्थाको ठेगाना परिवर्तन भएको व्यहोरा सम्बन्धीत निकाय तथा साधारण सदस्यहरुलाई जानकारी गराउँन चाहन्छौं ।

**श्री धीर बहादुर थापा**
**अध्यक्ष**
**लक्ष्मीपूजा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**बनस्थली, खरिबोट, काठमाडौं**

**अनमोल ट्राभल्स एण्ड टुर्स प्राइभेट लिमिटेडलाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/०२/०४ मा दर्ता भएको प्रा.लि.नं. १८९६३०/०७४/०७५ रहेको अनमोल ट्राभल्स एण्ड टुर्स प्राइभेट लिमिटेड, का.जि.का.म.न.पा. वडा नं. ३२ को हाल -२९ को मिति २०७८/९/१ मा बसेको कम्पनीका एकल शेयरधनीको विशेष लिखित निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव राखी कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरु लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटर :- खेमराज न्यौपाने**
**ठेगाना :- पुतलीसडक, काठमाडौं, फोन : ०१-४४३१९०९, मोवाइल : ९८५१०९२७६९**

**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# निर्विकल्प सर्तकता

शनिबार थप ९४४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। लगातार घटिरहेको संक्रमण दर शुक्रबारदेखि फेरि बढेको हो । १३,२६४ जनाको पीसीआर रिपोर्ट आउँदा शनिबार ९४४ जनामा कोरोना संक्रमण पुष्टि भएकोहो। शुक्रबार एकैदिन २४ जनामा कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन पुष्टि भएको थियो। यसअघि तीन जनामा ओमिक्रोन देखिएको थियो । दक्षिण अफ्रिका भएर ९० भन्दा बढी देशमा फैलिसकेको ओमिक्रोन छिमेकी भारतमा ठूलो संख्यामा पुष्टि भइरहेको छ । यस्तो बेला नेपालमा पनि ओमिक्रोनको खतरा बढेर गएको छ । ओमिक्रोनका कारण संक्रमण संख्या बढेर जाने अनुमान गरिएको छ । सरकारले खोपको मात्रा बढाउन र सवै अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिइसकेको छ ।

ओमिक्रोनको संक्रमण पुष्टि भइरहँदा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड संक्रमण पुष्टि भएको छ। माओवादी केन्द्रकै वरिष्ठ नेता नारायणकाजी श्रेष्ठलाई पनि संक्रमण पुष्टि भएको छ। शुक्रबार गठबन्धनको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवा सहित शीर्ष नेताहरूको भेट प्रचण्डसँग भएको थियो । त्यसैले प्रधानमन्त्री देउवाले पनि कोरोना परीक्षण गराउनुपर्ने भएको छ । शनिबार नै प्रधानमन्त्री देउवा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट पुगेका थिए । त्यसैले शीर्ष नेताहरू कन्ट्र्याक ट्रेसिङ्मा परेका छन् । शीर्ष नेतालाई मात्रै नभएर संक्रमणबाट नागरिकको जीवनरक्षा प्रमुख दायित्व बनेको छ ।

त्यसैपनि यसअघि प्रमुख तीन ठूला राजनीतिक दलहरूको महाधिवेशनका कारण ठूलो जमघट भएको थियो। व्यापारिक, शैक्षिक र सांस्कृतिक गतिविधिहरूमा पनि उचित सतर्कता अपनाइएको छैन। तर ओमिक्रोन संक्रमणको खतरा उच्च देखिएको छ । यस्तो बेला सरकारले आवश्यक मात्रामा खोप उपलब्ध गराउनु सरकारले ध्यान दिनुपर्नेछ। नागरिक तहमा विशेषगरी ध्यान दिन आवश्यक छ। सामाजिक दुरी कायम गर्ने, संक्रमणबाट बच्नुपर्नेगरी अनावश्यक काममा जमघट नगर्ने लगायत सतर्कता अपनाउनुपर्नेछ । बिगतमा आवश्यक ध्यान नदिएकै कारण नेपालले मानवीय, आर्थिक र सामाजिक क्षति बेहोर्नु परेको छ । पहिलोपटकको लहरको पाठ सिक्न र आवश्यक तयारी गर्न नसक्दा ठूलो मानवीय क्षति मुलुकले बेहोर्नु परेको थियो । त्यसैले अहिले अति उच्च सतर्कताको विकल्प छैन । सवैभन्दा ठूलो प्राथमिकता नागरिकको जीवनरक्षा नै हो ।

# संसदीय व्यवस्था र भ्रष्टाचार

आज कमिसनलाई वैधानिक ढंगले सेटिङमा गरिएको छ । बालुवाटार जग्गा प्रकरणलाई हेरे पुग्छ, कसरी सेटिङमा राज्यलाई टाट पल्टाइँदो रहेछ भनेर । प्रधानमन्त्री, मन्त्री, सचिव, कर्मचारी, व्यापारी र नेताहरुको मिलेमतो हुँदोरहेछ भनेर ।

अग्रलेख



● विष्णु पन्त

अहिलेको व्यवस्थाप्रति नेत्रविक्रम चन्द 'विप्लव'को निष्कर्ष सबैभन्दा सही छ - यो दलाल संसदीय व्यवस्था हो । यो व्यवस्था आफैंमा विकृति र समस्याको केन्द्र बनेको छ । देशमा ठूला-ठूला विकृति र आर्थिक अराजकताहरु मौलाएका छन् तर, त्यसको समाधानको बहस कतै कहीँ पनि छैन । भ्रष्टाचार गर्नु आज इज्जत र प्रतिष्ठाको विषय बनेको छ । भ्रष्टाचारको मूल्य आज करोडमा होइन अरब र खबरमा हुने गरेका छन् । जब राजनीति भ्रष्टाचारको अखडा बन्ने गर्छ तब समाज पुरै भ्रष्टीकरण हुने गर्छ । कर्मचारी र नेता मिलेर ठूला-ठूला भ्रष्टाचार हुने गर्छन् । भ्रष्टाचारमा नडुबेको नेता र कर्मचारीको हालत कस्तो होला ? के समाजमा बाँच्न सक्ला ?

आज देशमा ठूला-ठूला भ्रष्टाचारका काण्डहरु घटेका छन् तर, सबैतिर मौनता मात्रै छ । यदि देश र नयाँ पुस्ताको भविष्यको बारेमा सोच्ने नेता हुने हो भने भ्रष्टाचारलाई पूर्ण रुपले नियन्त्रण र दण्डित गर्नुपर्छ । आजको व्यवस्थाले पैदा गरेको सबैभन्दा ठूलो संकट हो- भ्रष्ट मनोविज्ञान । आजको राजनीति आर्थिक पारदर्शिताका हिसाबले पथभ्रष्ट भएको छ । राजनीतिज्ञ, कर्मचारी, व्यापारी, पेशा व्यवसायी सबैको ध्यान कालो वा अवैध धनमा केन्द्रित छ । यदि सम्पत्तिसम्बन्धी पारदर्शी संयन्त्रको विकास गर्न सकेको भए यो छुट र अराजकता हुने थिएन । यो व्यवस्थाले आम नागरिकलाई भ्रष्टीकरणमा डुबाउने प्रयत्न गर्दैछ ।



आज मन्त्री, सांसद किन बन्ने ? यसको सर्वमान्य जवाफ बनेको छ- पैसा कमाउन । सरकारी कर्मचारी, व्यापारी, पेशा व्यवसायी सबैको ध्यान कालो वा अवैध धनमा मात्रै केन्द्रित छ । यदि सम्पत्तीसम्बन्धी पारदर्शी संयन्त्रको विकास गर्न सकेको भए यो छुट र अराजकता हुने थिएन । यो व्यवस्थाले आम नागरिकलाई भ्रष्टीकरणमा डुबाउने प्रयत्न गर्दैछ । आज सफलता र आकर्षणको मानक अवैध वा कालो धन बनेको छ । अनौठो लाग्छ, किन राज्यले यो लुटतन्त्रलाई नियन्त्रण गर्दैन ? वास्तवमा भ्रष्टाचार भनेको लुटतन्त्रको सबैभन्दा बलियो जग हो । भ्रष्टाचार भनेको राज्यको ब्रम्हलुट र चोरी हो । लगभग सबै कर्मचारी र नेताहरुले भन्छन् म पनि गाईको दुधले नुहाएको छैन । यसरी हेर्दा, राज्यमा भ्रष्ट, दलाल, तस्कर, कालोबजारी र माफियाहरुको सत्ता बन्यो । यो सत्ताको केन्द्रमा लुटतन्त्र बन्यो । के यसरी देश अगाडि बढ्छ त ? तब त्यो समाज कस्तो बन्ला ?

आज रातारात नवधनाढ्य वर्गहरु जन्मिएका छन् । देशमा कति अरबपति र खरबपति बनेका छन् भन्ने विषयमा राज्य बेखबर छ । बहुदल पछिका सबै नेताको सम्पत्ति छानबिन गरौं भन्ने प्रस्ताव त आउँछन् तर, कार्यान्यवन हुँदैनन् । जब राजनीति विकृत बन्छ, नेताहरु भ्रष्टाचारमा डुब्छन् तब देश र समाज गम्भीर संकटमा फस्छ । त्यसकारण यो गणतन्त्र होइन लुटतन्त्र बन्यो । समाज यस्तो अवस्थामा पुगेको छ कि अब त चोरी, डकैटी र लुटपाट पनि खुलम् खुला हुन सक्छन् । पैसा त मान्छेहरुले बैंकमा राख्ने हुनाले कम चोरी होला र लुटपाटका घटना बढ्दैछन् । देशमा नयाँ-नयाँ भ्रष्टाचारका समूहहरु चर्चामा आएका छन् । अहिले फेरि बतास समूह चर्चामा छ । यी लुटेरा समूहहरुको संरक्षण राज्य र सरकारले गरिरहेको छ । सरकारले नै राज्यकोषको ब्रम्हलुट गर्ने संस्थाहरुको खोजी गर्दै हिँडेको छ । यसको मुल कारण कमिसनको सेटिङ हो ।

> आज मन्त्री, सांसद किन बन्ने ? यसको सर्वमान्य जवाफ बनेको छ- पैसा कमाउन । सरकारी कर्मचारी, व्यापारी, पेशा व्यवसायी सबैको ध्यान कालो वा अवैध धनमा मात्रै केन्द्रित छ । यदि सम्पत्तीसम्बन्धी पारदर्शी संयन्त्रको विकास गर्न सकेको भए यो छुट र अराजकता हुने थिएन । यो व्यवस्थाले आम नागरिकलाई भ्रष्टीकरणमा डुबाउने प्रयत्न गर्दैछ ।

आज कमिसनलाई वैधानिक ढंगले सेटिङमा गरिएको छ । बालुवाटार जग्गा प्रकरणलाई हेरे पुग्छ, कसरी सेटिङमा राज्यलाई टाट पल्टाइँदो रहेछ भनेर । प्रधानमन्त्री, मन्त्री, सचिव, कर्मचारी, व्यापारी र नेताहरुको मिलेमतो हुँदोरहेछ भनेर । अझै बालुवाटार जग्गा प्रकरणमा अख्तियार र अदालतको समेत सेटिङ भएको तथ्य उदांगो भएको छ । वास्तवमा बालुवाटार जग्गा प्रकरणको वास्तविकताका धेरै रहस्यहरु खुल्न अझै पनि बाँकी नै छन् । त्यहाँ प्रधानमन्त्रीको समेत संलग्नता देखिएको छ । फेरि पनि यसलाई अदालतद्धारा ढाकछाप र निष्क्रिय बनाउने चलखेल र षडयन्त्र भइरहेको छ ।


सबै घटनाहरुको निष्कर्ष एउटै हुन्छ कि देश आर्थिक अराजकताको शिकार बन्यो । आज श्रम गर्ने मान्छेहरुको कमी हुन थाल्यो । श्रमप्रति मान्छेहरुको विकर्षण छ । आज अनुशासन, इमान्दारिता र आदर्शहरुप्रति मानिसहरुको विकर्षण बढ्यो । सबैको आकर्षण कालो धनप्रति बढ्यो । रातारात धनी बन्ने सपनामा मान्छेहरु तल्लीन हुन थाले । मान्छेको ध्यान एकैचोटी लाख, करोडमा हुन थाल्यो । यो आर्थिक अराजकताको चरम सीमा हो । राष्ट्रिय पुँजीपति वर्ग त आज विस्थापित अवस्थामा छ र त्यसको ठाउँमा दलाल पुँजीवादले सत्ता जमाएको छ । यो अवस्थाले देशमा गम्भीर संकट छ भन्ने चित्र पुष्टी गर्दछ ।

### संसदीय व्यवस्था भ्रष्टाचारको अखडा

यो प्रष्ट छ कि कोही पनि नेता भ्रष्टाचारको छानबीन गरेर आफैं जेल जान तयार हुँदैनन् । यिनै दल, यिनै नेता र यही कर्मचारीतन्त्र कोही पनि भ्रष्टाचारको छानबिन गर्न तयार हुँदैनन् । के शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड', माधव कुमार नेपाल र बाबुराम भट्टराई भ्रष्टाचारको छानबिन गराउन तयार हुन्छन् त ? कम्तिमा भविष्यमा त भ्रष्टचारलाई रोक्न सकिन्छ नी ! तर, त्यसका लागि कोही पनि तयार छैनन् । के उनै पार्टीहरु एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र, एकिकृत समाजवादी र जनता समाजवादी पार्टीभित्र यो आर्थिक अराजकताको नियन्त्रणको बहस भएका छन् त ? त्यसकारण सबै हिसाबले देशले अर्को राजनीतिक परिवर्तनको माग गरेको छ ।

आज संसदीय व्यवस्था त आफैं गन्हाएको छ र फोहोरको डंगुरमा परिणत भएको छ । यो त संगुरको खोरभन्दा पनि बढी गन्हाएको छ । जब नेता र कर्मचारीको ध्यान देशको सबैभन्दा धनाढ्य व्यक्ति बन्ने अभिलाषातिर केन्द्रित हुन्छ तब देशको अवस्था दयनीय र संकटग्रस्त देखिन्छ ।

## सामाजिक सञ्जाल



**- देवेन्द्र बर्तौला**

नेपालमा आफ्नो सरकार बनेपछि पुर्व सरकारका कर्तुतको फाइल खोल्छन्, स्वच्छ छानबिन गरि कारबाही गर्न होइन। आफ्ना कर्तुतमा अवरोध रोक्न यस्ताहरूको भजन गाउने चरण दासहरू हो। तिनले फ्याँकेको हड्डि चुसेर तिम्रा जिविकोपार्जन त चल्ला तर, तिम्रा सन्ततिले सराप्ने छन्, ख्याल गर !



**- बिनु पोखरेल**

एकपछि अर्को गर्दै देशका व्यापारीलाई विवादास्पद बनाउ अनि मल्टिनेशनल कम्पनी (विदेशी व्यापारीलाई) भित्र्याउ। रणनीतिमा दल मात्र छैन मिडिया पनि साथमा भएको ठूलो संजाल छ। लगानीकर्तालाई कहाँ दिने, कति नदिने तय गर तर, देशका लगानीकर्तालाई यसरी बदनाम गरेर देश कहिल्यै उभो लाग्दैन यत्ती बुझौं।



**- दीपक रिजाल**

उद्योग, उद्यम र उद्योगी राष्ट्र निर्माणका खम्बा हुन् । यस वर्गको पहललाई सरकारी पक्षबाट सहजीकरण गर्नु पर्दछ । संसदीय प्रणालीमा उद्योग र उद्यमी आकर्षित गर्नु गराउनु देश समुन्नतीको खुड्किलो हो । सही ठाउँ, सही उद्यम, उद्योग प्रवर्द्धनका प्रयासलाई निरूत्साहित गरेर देश अगाडि बढ्दैन् ।



**- रामप्रसाद सापकोटा**

यति, ओम्नी, दुगड, ललिता निवास, गिरीबन्धु, बतास जजसले देशको दोहन गरेका छन् – तीनको जमेर प्रतिवाद गरौं ! यिनीहरूमात्रै मात्रै होइन यिनका नाईकेहरूबाट पनि मुलुकलाई मुक्त गरौ ! यिनी सबैका प्रणेता 'बा'! बाले विषय डाईभर्ट गर्न गोप्य सम्झौता भन्दैछन् !



**- गोविन्दकुमार थापा**

टाउको दुख्दा बैंकक, सिगापुर र अमेरिका धाउने नवधनाढ्य समाजवादी सारथीसँग संविधानको लिखत पल्टाएर सुलभ स्वास्थ खोज्छौं। स्वदेशी रामदेवहरू मारेर विदेशी रामदेवसँग अंकमाल गर्ने ढोंगी भैंसी पुजकहरूले पुजा, पुराण नगर भन्दा केको कटाक्ष ? कुन हैसियतको विरोध गर्दैछौ हामी सबै बेतुके खोजी।

# बहालमा बस्नेको पीडा कसले सुन्ने ?

टिप्पणी



● अनुसा थापा

> सरकारले बहालमा लगाउन छुट दियो तर, बहालमा बस्नेको समस्या बुझेन । सटर, कोठा र फल्याटको भाडादर घरबेटीको बोली बनेको छ । घरधनीले इच्छाअनुसार व्यवहार गर्न पाउँछ । घरधनीले मागेको जति बहाल दिएन्, बत्ती, पानी, फोहोरको पैसा दिएन् भने निक्लिन तयार हुनुपर्छ । घरधनीको विरोधमा उजुरी गर्न जाने ठाउँ कहीँ छैन् ।

केही सातायता चिसो ह्वात्तै बढेको छ । उपत्यकामा चिसो थेग्न नसक्ने अवस्थामा आइपुगेको छ । अरु वर्ष हेरी यो वर्ष चिसो धेरै बढेको मौसमविद्हरु बताउछन् । चिसो बढेसँगै कोठा भाडामा लिएर बस्ने मानिसहरु मारमा परेका छन् । चिसो कोठामा दिनभर बस्नुपर्ने बाध्यता छ । कतैबाट घाम छिर्दैन्, घरबेटीले छतमा जानमा बन्देज लगाएका छन् । घर ताप्नको लागि घर वरपर खुला ठाँउको व्यवस्था पनि गरिएको छैन् । घरधनीहरु कोठा बहालमा लगाउछन् तर सेवासुविधा केही पनि दिँदैनन् । कोठा बहालमा लिएर बस्ने मानिसहरु कोठाभित्रै निस्सासिएर बस्नुपर्ने बाध्यता छ ।

नेपाल सरकारले जनताहरुलाई जग्गा किनेर घर बनाउनमा छुट दिएको छ । घर बनाएपछि त्यो व्यक्तिकै स्वामित्वमा रहन्छ । त्यसमा नेपाल सरकारको केही हकअधिकार रहँदैन् । जसले गर्दा दुई/तीन आनामै घर बनाउने प्रवृत्ति बढेको छ । घर बनाउनेहरु पनि तीन तलाको नक्सा पास गर्छन्, तर पाँच तलाको बनाउँछन् । एक फल्याट घरधनी आफै बस्छन् अरु सबै बहालमा लगाउछन् । थोरै जग्गा किन्ने, पाँच तलाको घर बनाउने, बहालमा लगाउने । आज घर बहालमा लगाउनु सबैभन्दा सजिलो र घाटामा नजाने व्यापार बनेको छ ।

कुन घर भाडामा लगाउन उचित छ, कुन छैन् भन्ने मापदण्ड सरकारले बनाएको छैन् । भत्किन लागेका, जोखिमपूर्ण घरहरु भाडामा लगाउँदा पनि




कारबाही गर्ने अवस्था छैन । २०७२ वैशाख १२ मा विनाशकारी भूकम्प आयो तर, सरकारमा होस् आएन् । बहालमा बस्नेहरु घर ढलेरै मरे । यसको दोषी को ? सरकार कि घरधनी ? जोखिमपुर्ण घरहरु बहालमा नलगाएको भए उनीहरु सायदै मर्थे होला ! बहालमा लगाउन छुट दियो तर, बहालमा बस्नेको समस्या सरकारले बुझेन् । सटर, कोठा र फल्याटको भाडादर घरबेटीको जिब्रो छ । सरकारले घरबहाल पनि निर्धारण गर्न सकेको छैन । भाडादर घरबेटीको मनोमानीमा आधारित छ । उसले इच्छाअनुसार व्यवहार गर्न पाउँछ । घरधनीले मागेको जति बहाल दिएन्, बत्ती, पानी, फोहोरको पैसा दिएन् भने निक्लिन तयार हुनुपर्छ । घरधनीको विरोधमा उजुरी गर्न जाने ठाउँ कहीँ छैन् ।

प्रहरी चौकीदेखि लिएर वडा कार्यालय घरधनीकै अधिनमा छ । वडाध्यक्षले बहालमा बस्नेलाई गन्दैन् । प्रहरी चौकी घरधनीकै पक्षमा उभिन्छन् । जसले गर्दा कोठाबहालमा बस्नेहरु पिल्सिएका छन् । आर्थिक कमजोर भएका, मजदुरी गरेर जीविकोपार्जन गर्ने, एकल महिला, विद्यार्थी र तल्लो जात, मिर्गौला फेल भएका, स-साना बच्चा भएकालाई कोठा दिँदैनन् । घरधनीले जति अत्याचार गरेपनि अहिलेसम्म कुनै पनि सर्वसाधारण सडकमा उत्रिएका छैनन् । यिनीहरुले हामीहरुलाई सुकुम्बासी जस्तो व्यवहार गरे पनि कुनै पनि बहालमा बस्नेले आवाज उठाएका छैनन् । नेपालका राष्ट्रपति पनि पहिलेको बहालवाला नै हुन् । देशका उच्च पदमा पुगेकाहरु पनि पहिले बहालमा बस्ने नै छन् । उनीहरु उच्च पदमा पुगे तर, बहालमा बस्नेको पीडा बिर्से । बहालमा बस्दाको पीडा उनीहरुले कोट्याउन चाहँदैनन् । भोली आफुलाई अप्ठयारो पर्छ भनेर उनीहरुले कोठाबहालमा बस्नेको पीडा कोट्याउँदैनन् । किनकी हिजो बहालवालाहरु आजका घरधनी बनिसकेका हुन्छन् । मुलुकभर कति सर्वसाधारण कोठाबहालमा बस्छन् यसको तथ्यांक सरकारसँग छैन् । आफ्नो वडा, नगरमा कति बहालमा बस्छन् यसको विवरण राख्न कसैले जरुरी ठानेको छैन ।

आज काठमाडौंमा एउटा सटरको मासिक २० हजारदेखि आठ लाखसम्म तोकिएको छ । भाडा महंगो भएकै कारण बजार मूल्य पनि बढेको छ । घरधनीले सटरभाडा बढाएसँगै व्यापारीले सामानको मूल्य बढाउने गरेका छन् । जसको मारमा भने सर्वसाधारण जनता परेका छन् ।

अर्कोतर्फ, लाखौं कमाउने घरधनीले घरबहाल कर तिर्दैनन् । घरबहाल कर छल्नको लागि घरधनीले सबै कोठामा आफन्त बसेको बताउछन् । बहालमा बस्नेलाई समेत आफन्त बताउछन् घरधनी ।

पहिलेपहिले शोषक सामन्तीहरुले धेरै ठगे भनेर जनताहरु विभिन्न मितिमा सडकमा उत्रिए । जसले केही हदसम्म परिवर्तन पनि आयो । तर, घरधनीको स्वभावमा परिवर्तन आएन् । घरधनीको शोषणको विषयमा बोल्ने कोही पनि भएनन् । आज घरधनीको विषयमा कहीँ कतै कुनै खालको कानून बन्न सकेको छैन । घाडावालको विषयमा सरकारले ल्याएको कानुन पनि कार्यान्वयनमा आउन सकेको छैन । घरधनीलाई कोठाबहाल तोक्ने अधिकार कहीँ कतै छैन । कोठा भाडामा लगाउने मापदण्ड सरकारले नै तोक्नुपर्छ । तर, त्यसो हुन सकेको छैन ।

आज मँहगीले सीमा नाघेको छ । आर्थिक कमजोर भएकाहरु बाँच्न नसक्ने स्थिति बनेको छ । सरकारभन्दा घरधनी शक्तिशाली बनेका छन् । भाडामा बस्नेसँग मँहगो बहाल लिने राज्यलाई घरबहाल कर नतिर्ने । बहालमा बस्नेको पीडा बसले सुन्ने हो सरकार ?

# काजकिस्तानमा संकट गहिरिँदै

## रुसी सैनिक परिचालनप्रति अमेरिकाको आपत्ति, चीन रुसको पक्षमा उभियो

**काठमाडौं/एजेन्सी-** काजकिस्तानमा रुसी सैनिक परिचालन गरिएको प्रति अमेरिकाले आपत्ति जनाएको छ। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले हिंसात्मक प्रदर्शनविरुद्ध लड्न रुसी सैन्य सहायता खोज्ने काजकिस्तानको निर्णयमाथि प्रश्न उठाएका हुन्।

काजकिस्तानमा इन्धनको मूल्य वृद्धिविरुद्ध शुरु भएको विरोध प्रदर्शनमा दर्जनौं मानिसले ज्यान गुमाएका छन्। रुसी नेतृत्वमा तैनाथ हुने २ हजार पाँच सय सेनामध्ये केही काजकिस्तान पुगेका छन्। परिस्थितिको सामना गर्न काजकिस्तान सरकार सक्षम रहेको अमेरिकी सरकारको विश्वास छ। ब्लिंकेनले पत्रकारहरूसँग त्यहाँ किन सेना तैनाथ गरियो प्रस्ट नभएको बताए।

मस्कोका अधिकारीहरूले सामूहिक सुरक्षा सन्धि संगठन सीएसटीओअन्तर्गत अस्थायी रूपमा सेना तैनाथ गरेको बताएको छ। सीएसटीओ पाँच पूर्व सोभियत गणतन्त्र र रुसको सैन्य गठबन्धन हो। उक्त सङ्गठनमा रुस, काजकिस्तान, बेलारुस, ताजिकिस्तान अनि आर्मिनिया सदस्य छन्।

प्रदर्शनकारीहरूले काजकिस्तानको सबैभन्दा ठूलो सहर अल्माटीका नगरप्रमुखको कार्यालय र विमानस्थलमा आक्रमण गरेपछि राष्ट्रपति कासीम जोमाट टोकाएभले सीएसटीओसँग सहयोगको आग्रह गरेका थिए। तर अमेरिकी विदेश मन्त्रालयको पत्रकार सम्मेलनमा ब्लिंकेनले भने, 'हालैको इतिहासले एउटा पाठ सिकायो। जब रुसीहरू तपाईंको घरमा पस्छन् तब उनीहरू त्यहाँबाट निस्कन कहिलेकाहीँ निकै गाह्रो हुन्छ।'



'मलाई लाग्छ कि काजकिस्तानका अधिकारीहरू र सरकारसँग कानुन र व्यवस्थाविपरीत नगई र प्रदर्शनकारीहरूको अधिकारको सम्मान गर्दै उनीहरूसँग छलफल गर्ने क्षमता छ,' उनले भने।

काजकिस्तानले किन बाहिरी सहयोगको आवश्यकता महसुस गरे भन्नेबारे थप जानकारी लिने प्रयास भइरहेको बताए। केही रुसी सैन्य बल काजकिस्तान पुगेर शुक्रवार नै विमानस्थलबाट प्रदर्शनकारीहरूको हटाउन त्यहाँका सेनालाई मद्दत गरे।

यसैबीच काजकिस्तानका सेनाले अल्माटीमा पुनः आफ्नो नियन्त्रण कायम गर्न कडा कारबाही गरेको छ। बिहीवार स्थानीय सञ्चारमाध्यमले सरकारी सेनाले प्रदर्शनकारीमाथि गोली चलाएको भिडिओ सार्वजनिक गरेका थिए। आन्तरिक मन्त्रालयका अनुसार सेना र प्रदर्शनकारीबीच झडपमा हालसम्म २६ सशस्त्र अपराधीहरू र १८ सुरक्षा अधिकारीहरू मारिएका छन्। राष्ट्रपति टोकाएभले प्रदर्शनका लागि विदेशी आतंकवादी जिम्मेवार रहेको आरोप लगाए।

काजकिस्तानका धेरै मानिसले आफ्नो सवारीसाधनको इन्धनका रूपमा प्रयोग गर्ने तरल पेट्रोलियम ग्यास एलपीजीको मूल्य बढेर दोबर भएपछि आइतवारदेखि विरोध प्रदर्शन शुरु भएको हो। सरकारले छ महिनाका लागि इन्धनको मूल्य पुरानै कायम राख्ने बताएको छ। तर प्रदर्शनकारीहरूले अन्य राजनीतिक समस्याप्रति गुनासो गर्दै आन्दोलन जारी राखेका छन्। काजकिस्तानमा प्रभावकारी प्रतिपक्ष छैन र अधिकांश चुनावहरूमा सत्तारूढ दल करिब शतप्रतिशत मतका साथ जितेका छन्। देशका पूर्वराष्ट्रपति नुरसुल्तान नजरबायेवले २९ वर्ष शासन गरेर पद छोडेपछि पनि शक्ति कायम राखेका थिए। टोकाएभले उनलाई देशको सुरक्षा परिषद्को प्रमुखबाट हटाएका छन्।

यता रुसले भने काजकिस्तानमा आफ्ना सैनिकको तैनाथी साझा सुरक्षा सम्झौताअनुसार अस्थायी रुपमा भएको बताएको छ। चीनले पनि काजकिस्तानमा स्थिरता कायम गर्नका लागि चालिएको कडा कदमको समर्थन गरेको छ अर्थात रुसी सैनिक प्रवेशको समर्थनमा चीन उभिएको छ।

# अल्बानियामा चीनविरुद्ध अमेरिकाको विशेष अपरेशन मुख्यालय

**काठमाडौं/एजेन्सी-** अमेरिकी युरोपेली कमाण्ड (इयूसीओएम) ले क्षेत्रीय स्थायित्वको कोशेढुङ्गाको रूपमा क्षमता बढाउने प्रयासको रूपमा अल्बानियामा विशेष अपरेशन मुख्यालय स्थापना गरिरहेको बताएको छ।

पूर्व सीआईए विश्लेषक रे म्याकगोभरले स्पुतनिकलाई जनाएअनुसार अमेरिकी सेनाले अल्बानियामा विशेष अपरेसन कमाण्ड खोल्नुको कारण वाशिङ्गटन चीनसँग तिरानाको सम्बन्धको बारेमा चिन्तित छ। उनले भने, 'वाशिंगटनले त्यहाँ एक आधार पत्ता लगाउने निर्णय गऱ्यो किनकि तिनीहरू (अमेरिका) ले भर्खरै थाहा पाए कि अल्बानिया चिनियाँ कम्युनिष्टहरूको कडा सहयोगी हो।'

इयूसीओएमले अमेरिकी अल्बेनियाली सहयोगीहरूसँग अन्तरक्रियाशीलता वृद्धि र बाल्कनमा यातायात केन्द्रहरूमा महत्त्वपूर्ण पहुँच प्रदान गर्ने स्पुटनले रिपोर्ट गरेको छ। बाल्कन इन्भेस्टिगेटिभ रिपोर्टिङ नेटवर्कले हालैको विश्लेषणमा यस क्षेत्रमा ३६ अर्ब अमेरिकी डलरभन्दा बढी मूल्यका १३५ चिनियाँ-सम्बद्ध परियोजनाहरू पहिचान गरेको छ। संयुक्त राज्य अमेरिकाले सुरक्षा खतराको रूपमा कालोसूचीमा राखेको चिनियाँ प्राविधिक फर्म हुवावेसँगको सहकार्यदेखि धातु विज्ञान, खानी, ऊर्जा र यातायात पहलसम्मका परियोजनाहरू छन्। यसबाहेक, चीनले खोप प्रदानका अतिरिक्त द्विपक्षीय सुरक्षा, चिकित्सा र सांस्कृतिक सम्झौताहरूमार्फत पनि यस क्षेत्रमा आफ्नो प्रभाव विस्तार गरेको छ। यसअघि अल्बेनियाका राष्ट्रपति इलिर मेटाले अक्टोबरमा नेपाल भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यीसँगको भेटमा दुई देशबीचको सहयोगको प्रचुर सम्भावना रहेको बताएका थिए।

चीनले अल्बानियासँग उच्च गुणस्तरको बेल्ट एण्ड रोड सहकार्यका लागि काम गर्न तयार रहेको संकेत गरेको बेला दुवै पक्षले व्यापार बढाउन पनि सहमति जनाएको सिन्ह्वाले रिपोर्ट गरेको छ।


## Dullu Municipality
## Office of Municipal Executive
### Dullu,Dailekh
### Karnali Province
### Invitation For Bids

**IFB No: WORKS/NCB/06/078/079**

First Date of publication: 25/09/2078

1. ***Dullu Municipality, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dullu Municipality, Dailekh*** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder have only option to submit their bid electronically &Bidder may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,.** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : ***RastriyaBanijeBank , Dullu, Dailekh*** Name of Office: ***Dullu Municipality, DulluDailekh***
   Office Code no. : ***80667403***
   Office Account no.: Rajaswa (revenue) Shirshak no. **43400301010002** & Dharauti Khatta (Deposit Acct.) No: **43400303000002**
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office through PPMO website **www.bolpatra.gov.np/egp** on or before ***12:00*** on 25/***10/2078***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***25/10/2078*** at the office of ***[Dullu Municipality, Dullu,Dailekh]***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs as mentioned as below ***(2 to 3 % of estimated amount inclusive VAT)]***, which shall be valid for 30 days beyond the validity period of the bid i.e 120 days after bid opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.
9. Any matters not covered in this notice shall be as per PPA and PPR of GoN.


| SN | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/NCB/ 06/2078/079 | (Panchakoshi Bahuprabidhik Shikshalaya Pashu Tatha Pashujanne Rog Niyantana Prayogshala Bhawan Nirman) **(पञ्चकोशि बहुप्राबिधिक शिक्षालय पशु तथा पशुजन्ने रोग नियन्त्रण प्रायोशाला भवन निर्माण)** | 2097705.00 | 70000.00 | 3000.00 | 120 Days |

**Chief Administrative Officer**


## कोरोनाको प्रकोप अमेरिकामा सधैं रहँदैन : बाइडेन

**काठमाडौं/एजेन्सी-** अमेरिकी राष्ट्रपति जो बाइडेनले कोरोनाको प्रकोप अमेरिकामा सधैं रहिरहन्छ भन्ने नलागेको बताएका छन्। बाइडेनले ह्वाइट हाउसको ब्रिफिङमा कोरोनाको प्रभाव भने अन्य मुलुकमा रहिरहने टिप्पणी गरेका छन्।

कोरोनाविरुद्ध अमेरिकाले काम गरिरहेकोले यसको प्रकोप छिट्टै अन्त्य हुने विश्वास व्यक्त राष्ट्रपति बाइडेनले गरेका हुन्। 'हामीले विकास गरेका धेरै उपकरण हामीसँग छ। कोभिड तथा कोभिडजन्य अन्य रोगका विपत्तिको सामना गर्न हामीले उपकरण विकास गरिरहेका छौं', उनले भने।



बाइडेनको उक्त टिप्पणी अमेरिका र विश्वभरि अत्यधिक ट्रान्समिसिबल ओमिक्रोन भेरियन्टका कारण कोरोना भाइरसको गम्भीर वृद्धि भइरहेका बेला आएको हो। अमेरिकी सरकारले शुक्रबार ओभर-द-काउन्टर कोभिड-१९ परीक्षण किटहरू वितरणको लागि ५० मिलियन अमेरिकी डलर भन्दा बढीको ठेक्का प्रदान गरेको छ।

रक्षा विभागको विज्ञप्ति अनुसार ओमिक्रोन भेरियन्टको प्रतिक्रियामा अमेरिकी जनतालाई ५०० मिलियन घर-घरमा कोभिड-१९ परीक्षणहरू कुनै पनि लागतमा उपलब्ध गराउने बाइडेनको योजनाको एक भागको रूपमा यो सम्झौता जारी गरिएको थियो।

हालसम्म अमेरिकामा ६ करोड ४ लाख ६४ हजार कोरोना संक्रमित भएका छन्। जसमा ८ लाख ५८ हजारभन्दा बढीको ज्यान गएको छ। हाल अमेरिका संक्रिय संक्रमितको संख्या १ करोड ७४ लाखभन्दा बढि रहेका छन्।


## साउदीमा रोजगारको अवसर

१. कम्पनी: Nora Nasser Saad Al Bugami — शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/०९/२२ — चलानी नं.: ६०१७२३२४ — L.T. No.: 255534

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: TAJ AHLA AKLLAH RESTAURANT — शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/०९/२२ — चलानी नं.: ६०१७२३२३ — L.T. No.: 255536

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker | 2 | 0 | | 1200 | ३८,०१६ | | | | | | | |

३. कम्पनी: Amal Nasser Saad Al Bugami Restaurant — शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/०९/२२ — चलानी नं.: ६०१७२३२१ — L.T. No.: 255537

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: MOBTAHIJ RESTAURANT — शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/०९/२२ — चलानी नं.: ६०१७२३२० — L.T. No.: 255535

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: ADEL MAHMOUD OMER RESTAURANT — शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/०९/२२ — चलानी नं.: ६०१७२३२२ — L.T. No.: 255538

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ १ गते (15 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८८३८०, ४३८२५३३, फ्याक्स: ४३८८३८१
श्रम इजाजत नं. ८४५/०६६/०६७

## कुवेतमा रोजगार

१. कम्पनी: BLEACH FOR CLEANING & CONTRACTING — शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०९/२३ — चलानी नं.: ६०१७२२५२ — LT. No.: 255407

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 13 | 0 | स. काममा दक्ष | 100 | ३९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ १ गते (15 January 2022) मा हुनेछ।**

२. कम्पनी: Technology Industrial Gases Production Company (Kscc) — शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७६/११/२२ — चलानी नं.: ६०१५३०११ — LT. No.: 233926 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver GCC | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५८,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 6 | 0 | | 90 | ३५,२८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ३० गते (14 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

KASKI OVERSEAS Pvt.Ltd
**कास्की ओभरसिज प्रा. लि.**
Govt. Lic. No. 1091/073/074
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१-४४८७७३३, ४४८७७४४,
Mob: 9840128253, 9841174844, 9851031762, Email: kaskioverseasnepal@gmail.com

## कतारमा रोजगारको अवसर

कम्पनी: AL AFIFI ENGINEERING — शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/०९/२३ — चलानी नं.: ६०१७२३५७ — LT. No.: 255808

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 2 | 0 | | 1500 | ४८,८५५ | | | | | | | |
| 3. | Technician Gen. | 5 | 0 | | 1500 | ४८,८५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २ गते (16 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

# बक्स अफिस समाचार

## 'मौलिक बाजाहरू मुलधारको गीत संगीतमा बढी प्रयोग गर्नुपर्छ'



**अशोक कुमार राई**, प्राज्ञ तथा संगीतकार

नेपाली गीतसंगीतको क्षेत्रमा अनेक स्रष्टा, सर्जकहरुले आफ्नो जीवन ब्यतित गरेका छन् । पर्दा अगाडि आउने सर्जकको जतिको मिहिनेत हुन्छ, पर्दा पछाडि बस्नेहरुको पनि त्यतिकै मिहिनेतले मात्रै एउटा सुन्दर रचना दर्शक माझ आइपुग्छ । यस्तै पर्दा पछाडि रहेर सुन्दर सिर्जनाहरु गरिरहेका गायक, संगीतकार हुन् अशोक कुमार राई । बाल्यकालदेखि नै गीतसंगीत भनेपछि हुरुक्कै हुने उनको आनीबानीले नै आज संगीतको क्षेत्रमा यो सफलता हासिल गरेका हुन् । ताप्लेजुङको हाङपाङका स्थानीय राईको जन्म २०२७ सालमा भएको हो । २०४६ साल देखि निरन्तर संगीतकर्ममा सक्रिय रहँदै आएका उनी हाल नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञ परिषद सदस्यको रुपमा कार्य सम्पादन गर्दै आइरहेका छन् भने संगीत विभाग प्रमुख पनि हुन् । उनले हजारौं गीतमा संगीत भरेका छन् भने तीन सयभन्दा बढी स्टेज सांगीतिक प्रस्तुति दिएका छन् । उनको वतासेको घुम्ति, मन पो दुख्योकी, रहर, यात्रा आरम्भ, आयाम, यो जीन्दगी, अनौंठो यात्रा, देउसी भैलो गीत, पाथीभरा माता भजन लगायतका एल्बम प्रकाशित छन् । फिल्मी संगीततर्फ पल्टन, जवाफ, चेसुङ, छिमेकी, शस्त्र र लिम्बु भाषको चलचित्र 'मासेमी'मा संगीत दिएका छन् । मौलिक बाजाहरुको खोजी र संरक्षण गर्न लागिपरेका, दर्जनौं अवार्ड र सम्मानबाट सम्मानित भएका कुशल संगीत सर्जक प्राज्ञ **अशोक कुमार राई**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना र किरात याक्थुङ चुम्लुङ पाँचथरको व्यवस्थापनमा हालै सम्पन्न प्रदेशस्तरिय लोक बाजा प्रशिक्षण कार्यक्रमको उपलब्धी कस्तो पाउनुभयो ?**

यो कार्यक्रम गत मंसिर १५ गतेबाट २७ गतेसम्म पाँचथर फिदिममा संचालन भएको थियो । जसमा तीन जिल्लाका २२ जना प्रशिक्षार्थीहरुले सहभागिता जनाएका थिए । १२ दिने उक्त कार्यक्रममा मुख्य प्रशिक्षक यासेली योङहाङ हुनुहुन्थ्यो । हामीले प्रशिक्षार्थीहरूलाई यो बोध गरायौं कि च्याब्रुङ बजाउन पनि संगीत पढ्नु पर्ने रहेछ । हामीले प्रशिक्षणलाई तीन प्रकृतिमा विभाजन गरेर संचालन गरेका थियौं । पहिलो परम्परागत रुपमा च्याब्रुङ बजाउने र नाच्ने तथा त्यसको समाजिक, सांस्कृतिक र धार्मिक जानकारी दिने काम गर्‍यौं भने दोस्रो संगीत सम्बन्धी सैद्धान्तिक ज्ञान र अहिले प्रचलित प्रविधिको प्रयोग र यसबाट गरिने संगीत संयोजनका विषयमासमेत जानकारी दिने काम गर्‍यौं । यस्तो खाले प्रशिक्षण कार्यक्रम सम्भवत पहिलो पटक संचालन भएकोले प्रशिक्षार्थीहरूले केही दिन असजिलो महसुस गरे पनि बिस्तारै यस विधिको सिकाईले व्यवस्थित ढंगले छिटो र सजिलोसँग च्याब्रुङ बजाउन र नाच्न सिकिने जानकारी पाए ।

**लिम्बु समुदायको अत्यन्तै पुरानो मौलिक बाजा के च्याब्रुङको पनि संरक्षणमा लाग्नु भएको छ, के अघिल्ला पुस्ताले यसको महत्व नबुझेर हो ?**

म च्याब्रुङ मात्रै नभएर सिंगो नेपाली मौलिक बाजाहरू संरक्षण र संवर्द्धनसँगै ती बाजाहरू बजाउन योग्य वाद्यवादक उत्पादन गर्नु पर्छ भन्ने अभियानमा लागेको छु । किनकि यी मौलिक बाजाहरू मुलधारको गीत संगीतहरूमा बढी भन्दा बढी प्रयोगमा ल्याउन सकियो भने मात्रै ती बाजाहरू र हाम्रा वाद्यवादक कालान्तरसम्म संरक्षण हुन र जिवित रहन सक्छन् भन्ने मेरो मान्यता छ ।

**के च्याब्रुङ कस्तो अवसरमा नाच्ने र बजाउने बाजा हो ?**

च्याब्रुङ विशेष त लिम्बू जातिको सुःखद र शुभ कार्यमा बजाइने मौलिक बाजा हो । यो बाजा हरेक सुखद कार्य जस्तै विवाह, ब्रतबन्ध, घरपैचो आदि शुभकार्यहरूमा नबजाउँदा सो कार्य अपुरो हुने विश्वास रही आएको छ ।

**अघिल्ला पुर्खाले अव्यवस्थित र अवैज्ञानिक ढंगले प्रयोग गरेका कारण यसलाई समय अनुसार आधुनिकीकरण गर्न खोज्नु भएको हो ?**

हाम्रा सबै मौलिक बाजाहरू हालसम्म परम्परागतरुपमा नै बजाइँदै र सुनाइँदै आएको पाइन्छ । त्यो नै त्यसको सौन्दर्यता हो । यी हाम्रा बाजाहरू बजाइने भनेको विभिन्न चाडपर्व, विवाह, ब्रतबन्ध, मेलापर्व आदि शुभकार्यहरूमा नै हो । त्यस ठाउँमा व्यवस्थित र बैज्ञानिक ढंगले बजाउँदा पनि त्यसको मौलिकता नझल्किन र व्यवहारिक पनि नहुन सक्छ । तर जब हामी गीतहरूमा अन्य बाजाहरूसँग मिलाएर वा रेकर्डिङ गरेर अर्केष्ट्राहरूमा बजाउँछौं तबमात्र हामीले हाम्रा बाजाहरू व्यवस्थित ढंगले सुरताल र संगीत निर्देशन अनुसार बजाउनु पर्ने रहेछ भन्ने कुरा थाहा पाउँछौं । त्यसका लागि हाम्रा मौलिक बाजाहरू बजाउने वाद्यवादकहरूसँग पारम्भिक रुपमा भए पनि संगीतको ज्ञान हुनै पर्ने हुन्छ । जसले गर्दा अझ हाम्रा बाजाहरू बजाउने तौरतरिकामा निखारता आउन सक्छ ।

**नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा प्राज्ञ हुनुहुन्छ, यो राजनीतिक नियुक्ति र राज्यकोष रित्ताउने संस्था हो उपलब्धी केही छैन भन्छन् नि ?**

राजनैतिक नियुक्ति भन्दा पनि यसलाई म फरक हिसाबले बुझ्न अनुरोध गर्दछु । कुनै राजनैतिक संस्थाले सिफरिस गरेता पनि यो नेपाल सरकार कै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा गठित सिफारिस समितिले नै छनोट गरेर सम्बन्धित विषय विज्ञको रुपमा ४ वर्षका लागि नियुक्ति दिने हो । नियुक्ति लिने व्यक्तिले पद र जिम्मेवारी लिएपछि सो अनुसार जिम्मेवारी पूर्वक काम गर्न सकिएन वा सकेन भने जुनसुकै संस्थामा जुन सुकै पदमा नियुक्ति किन नहोस् राज्यकोषको सम्पत्ति दोहन मात्रै हुनेछ, त्यसैले यो राजनीतिक नियुक्ति र राज्यकोष रित्ताउने संस्था हो भनेर लान्छना लगाउनु अलि न्यायोचित नहोला । उपलब्धीको विषयमा मेरो संगीत विभागले हालसम्म जिम्मेवारी पाएको काम सतप्रतिशत पुरा गरेको छ । हामीले ताप्लेजुङको ओलाङ्चुङ्गोलादेखि दार्चुलासम्म पुगेर त्यहाँको मौलिक संस्कृतिसँग जोडिएका संगीतसँग सम्बन्धित कुराहरूको अभिलेखिकरण गर्ने काम गरेका छौं । यो बाहेक अन्य धेरै कामहरू पनि गरेका छौं त्यो तपाई स्वयं उपस्थित भएर लेखाजोखा गर्न सक्नु हुनेछ ।

**नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा तपाईंको प्रवेशपछि यो क्षेत्रको विकासका लागि सम्झन योग्य के काम गर्नुभयो ?**

म त्यहाँ प्रवेश गरेपछि धेरै कामहरू हुन नसके पनि केही यस्ता कामहरू भएका छन्, जुन काम पछिसम्म पनि सम्झन योग्य छन् । म संगीत विभागमा बसेर गरेका केही कामहरू यहाँ उल्लेख गर्न चाहन्छु, २४ वटा मौलिक नेपाली बाजाहरुको पाठ्यपुस्तक लेखन र प्रकाशन, प्रदेश १ मा प्रचलित तथा लोपोन्मुख नेपाली बाजाहरूको अभिलेखिकरण, प्रदेश १ स्तरीय बहुभाषिक संगीत उत्सव, सुदूरपश्चिम धनगढीमा राष्ट्रिय गीत महोत्सव, पोखरामा प्रचलित तथा लोपोन्मुख बाजा प्रदर्शनी तथा प्रस्तुति, आधुनिक नेपालमा राजनैतिक तथा सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका गीत तथा गीतकारहरूको विवेचनात्मक समालोचना लेखन, दार्चुलाका सौका, दाङका थारु, ताप्लेजुङका वालुङ, समुदायको लोपोन्मुख धुन संकलन गरी रेकर्डिङ गर्नुका साथै २० जना वाद्यवादकद्वारा प्रस्तुति साथै ३५ जना मौलिक बाजा वाद्यवाादनहरूद्वारा सारङ्गीको धुन प्रस्तुति गरिसकेका छौं । हाल राई तथा लिम्बू समुदायको मुन्धुम धुन तथा तालहरूको अभिलेखिकरण गरिँदैछ, प्रदेशस्तरीय नेपाली मौलिक बाजाहरूको ५ स्थानमा १० प्रकारका बाजाहरू प्रशिक्षण कार्यक्रम संचालन भइरहेको छ ।

**आफ्नो आगामी योजनाहरु पनि बताइदिनु हुन्छ कि ?**

मुलतः हाम्रो जति पनि मौलिक गीत संगीतहरू छन् त्यसलाई व्यवस्थित ढंगले संरक्षण गर्नु नै हो । त्यसका लागि अध्ययन अनुसन्धान गर्नुका साथै त्यसको प्रदर्शन र अभिलेखिकरण गर्नु, देशव्यापीरुपमा मौलिक बाजा प्रशिक्षण अभियान संचालन गरेर ठाउँ ठाउँमा मौलिक बाजाहरूको मात्रै अर्केष्ट्रा समूह तयार गर्ने, विभिन्न कार्यक्रममार्फत संसार भर हाम्रो मौलिक बाजाहरू चिनाउने काम सँगसँगै दक्ष र योग्य वाद्यवादकहरू प्रशस्त मात्रामा तयार गर्ने र तिनीहरूलाई व्यावसायिकरुपमा आत्मनिर्भर बनाउने नै हो ।

**खासमा प्राज्ञ नियुक्ति हुन शैक्षिक योग्यता चाहिन्छ कि सम्बन्धित विषयमा विद्वत्व हुनु पर्छ ?**

प्राज्ञको शाब्दिक अर्थ सम्बन्धित बिषयको विज्ञ नै हो भन्ने जनाउँछ त्यसैले जुनसुकै प्रतिष्ठानको सदस्य हुनलाई सम्बन्धित क्षेत्रमा प्रचुरमात्रा काम गरेको अनुभव, त्यस विषयमा विज्ञता हासिल गरेको र अध्ययन अनुसन्धान गर्न सक्ने क्षमता भएको व्यक्ति नै हुनुपर्छ ।

**परिचित संगीतकार हुनुहुन्छ, अहिलेका युवा पुस्ताले नेपाली गीतसंगीतप्रति चासो नदिनुको कारण के होला ?**

होइन, उनीहरूका सबै गीतहरू अर्थात सृजनाहरू नेपाली नै हुन् । त्यसमा यतिमात्र फरक हो जुन हाम्रो मौलिकताको रंग अलि गाढा हुनुपर्ने हो त्यो मात्र कम भएको हुन सक्छ । यसमा अहिलेको आधुनिक प्रविधिको प्रभाव र त्यसैमाथि नेपालमा अध्ययन अध्यापन भइरहेका संगीतमा पनि हाम्रो नेपाली माटोको संगीत भन्दा बाहिरको संगीत अलि धेरै हावी पो भएको हो कि भन्ने पनि लाग्छ । त्यसैको प्रभाव पनि हुन सक्छ अहिलेको संगीत । त्यो कोणबाट पनि विचार गर्नु पर्ने छ ।

**तपाईं राजनीतिमा पनि सक्रिय हुनुहुन्छ, कलाकारले पार्टीको झण्डा बोक्नु हुन्न भन्छन् नि ?**

कलाकारले मात्र नभई उद्योगी, व्यापारी, कर्मचारी, पत्रकार, विद्यार्थी, सर्वसाधरण आदि जुनसुकै व्यक्ति किन नहोस् आफ्नो विचार अनुसार राजनैतिक आस्था राख्नु उसको नैसर्गिक अधिकारको कुरा हो । झण्डा बोक्नु वा पार्टी राजनीति गर्नु-नगर्नु उसको विचार हो । जहाँसम्म कलाकारको विषय छ कसको झण्डा बोक्यो, कुन पार्टीको राजनीति गर्‍यो भन्दा पनि नेपाली गीत संगीतको लागि उसले के योगदान गर्‍यो भन्ने विषय चाहिँ महत्वपूर्ण हो । यदि कसैले कलाकारको खोल ओढेर कलाकारितालाई नै भर्‍याङ बनाएर आफ्नो व्याक्तिगत अभिष्ट पूरा गरेको छ र गर्छ भने त्यो गलत हो ।

**अन्त्यमा, समग्र कला क्षेत्रको उत्थानको लागि राज्यले खेल्नुपर्ने भूमिका र यससँग आवद्ध स्रष्टा, कलाकर्मीहरूले निभाउनुपर्ने दायित्व के हुनुपर्छ ?**

हाम्रो मौलिक कला संस्कृतिको क्षेत्रमा एक छेउमात्र त्यो पनि 'हो कि हो कि' जस्तोमात्र काम भएको छ, गहिरो अध्ययन अनुसन्धान दस्तावेज आदिका कामहरू प्रसस्त मात्रामा गर्न बाँकी नै छन् । आफ्नो कला सांस्कृति संस्कार भनेको हाम्रो आत्मा हो देशको प्रमुख पहिचान नै त्यही हो । यस क्षेत्रलाई संरक्षण संवर्द्धन र प्रवर्द्धन गर्न पुग्दो मात्रामा ध्यान दिइएन भने राष्ट्र फूल बिनाको बगैंचा जस्तो हुनेछ जहाँ कुसंस्कार अराजकता स्वार्थीपन आदिको राज हुनेछ । अब कल्पना गरौं त्यो अवस्थामा राष्ट्र कस्तो होला । हामी छोटो समयको लागि मात्रै काम नगरौं । खाली आफ्नो लागि मात्रै होइन आउँदो पुस्तालाई पनि सम्झेर काम गरौं । हामीले काम त गरेका छौं तर गरेका ती कामहरूले आफ्नो समुदाय, क्षेत्र र राष्ट्रका लागि के कति योगदान भयो त्यता तिर पनि सोचौं भन्ने लाग्छ ।




## Invitation of Electronic Bids

**Urlabari Municipality**
**Office of Municipal Executive**
Urlabari, Morang
Province no. 1, Nepal
**Date of Publication: 2078/09/25( 9th of January 2022)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-chehandada-Road-W-NCB-02-078/79 | Construction of Blacktop road of Chehandada to Ekta chowk, Purano Manglabare ward -2 | 24,38,400 .00/- | 60,960.00 | 3,000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Acting Chief Administrative Officer**



## कुबेतमा रोजगार

**AL -JAZIRA INTERNATIONAL GENERAL TRADING AND CONTRACTING CO.**
पुर्व स्विकृति मिति: २०७८।९।१८ चलानी नं. ६०१७१७९० LT No. 255413

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 300 | काममा दक्ष | 85 | 33434 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | १०,००० |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७८ पुष २६ गते (10 January 2022) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

Email:manakamanamfec@gmail.com

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन नं: 01-4034677, 9808577289, 9860836178, 9851125275



## साउदीमा रोजगार

कम्पनी: **IGNITE RESTAURANT FOR SERVING FOOD**
शहर: **DAMMAM**
पूर्व स्वीकृत मिति: २०७८/०९/२३ चलानी नं.: ६०१७२३५६ L.T. No.: 255585

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २ गते (16 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Superb Solutions Pvt. Ltd.**
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ, फोन : ४४६१२४३, ४४९५१८, मोब : ९८५१०७७५२४
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np

# पोखरामा मनाङको रवाफिलो प्रदर्शन


मध्यान्ह संवाददाता
पोखरा, २४ पुस

शहीद स्मारक ए डिभिजन लिग फुटबलमा मनाङ मर्स्याङ्दी फुटबल क्लबले रवाफिलो प्रदर्शन गरेको छ। यसै सिजनदेखि मनाङले घरेलु मैदानको रुपमा पोखरा रंगशालालाई बनाएपछि शनिबारसहित तेस्रो खेल खेल्न सफल रह्यो। तेस्रो खेलमा पनि मनाङले च्यासल युथ क्लबमाथि ५-० गोल अन्तरको फराकिलो जित दर्ता गर्न सफल भयो। मनाङको जितमा ओलावाले ओलाडिपे अफिजले ह्याट्रिक गर्दा दिनेश राजवंशी र सोमिडेले एक एक गोल थपेका थिए।

पोखरा रङ्गशालास्थित अन्तर्राष्ट्रिय फुटबल मैदानमा सम्पन्न खेलमा मनाङले ओलावालेको ह्याट्रिक मद्दतमा लिगमा 'रेलिगेसन जोन'मा रहेको च्यासलमाथि प्रभावशाली जित दर्ता गरेको हो। मनाङले पहिलो हाफमा दुई गोल गरेकामा दोस्रो हाफमा तीन गोल गर्न सफल भयो। दोस्रो हाफको इन्जुरी समयमा मात्रै मनाङले दुई गोल गरेको थियो।

खेलको तेस्रो मिनेटमा नै मनाङका विदेशी खेलाडी सोमिडेले गोल गर्दै टोलीलाई अग्रता बनाएको थियो ओलावालेले ४३ औँ मिनेटमा अग्रता दोब्बर बनाए। मनाङका डिफेण्डर दिनेश राजवंशीले खेलको ८६औँ मिनेटमा गोल गर्दै अन्तर फराकिलो बनाएका थिए। ओलावालेले छ मिनेटको इन्जुरी समयको तेस्रो र चौथो मिनेटमा लगातार गोल गर्दै ह्याट्रिक पूरा गरे।

खेलमा च्यासलले पनि गोल गर्ने केही मौका सिर्जना गरे पनि सदुपयोग गर्न सकेन। पहिलो हाफको तुलनामा दोस्रो हाफमा बलमा पकड बनाउँदै च्यासलले मनाङमाथि दबाब बढाए पनि गोल गर्न भने असफल रह्यो। खेलको ६५औँ मिनेटमा च्यासलका प्रशिक्षक बालगोपाल साहुखल रातो कार्ड खाँदै टचलाइनबाट बाहिरिएका थिए। रेफ्रीको निर्णयमा असहमति जनाएपछि पहिलोपटक पहेँलो कार्ड बेहोरेका प्रशिक्षक साहुखल दोस्रोपटक रातो कार्ड बेहोरेपछि टच लाइन छाड्न बाध्य बने। च्यासलसँगको खेलमा जित हासिल गरेसँगै मनाङले घरेलु मैदानमा खेलेका तीनै खलमा शतप्रतिशत नतिजा निकालेको छ। गत पुस ३ गते नेपाल पुलिस क्लबमाथि ३-१ को जित दर्ता गरेको मनाङले पुस १७ गते ब्रिगेड ब्वाइज क्लबमाथि १-० अन्तरको जित हासिल गरेको थियो। मनाङले पोखरा रङ्गशालालाई घरेलु मैदान बनाएपछि पहिलोपटक सहिद स्मारक ए डिभिजन लिगका तीन खेल पोखरामा खेलाइएको हो।



खेलपछिको पत्रकार सम्मेलनमा मनाङ मर्स्याङ्दीका विदेशी प्रशिक्षक फुजा टोपेले राम्रो खेलेर जित हासिल गरेको बताउँदै लिगको उपाधिको दावेदारी थप बलियो भएको बताए। आगामी दिनको खेलमा अङ्क नगुमाउने र उपाधि जित्ने योजना रहेको सुनाए । च्यासलका सहायक प्रशिक्षक थमन भुसालले आफ्नो टोलीको खेल राम्रो भए पनि रेफ्रीको कमजोर निर्णयका कारणले फराकिलो अन्तरको हार बेहोर्नुपरेको आरोप लगाए । जारी लिगमा 'रेलिगेसन जोन'बाट माथि उक्लिन थप मेहेनतको खाँचो रहेको उनको भनाई छ।

यता, त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा एएफसी छनोट कपमा छनोट भइसकेको मच्छिन्द्रले तालिकाको पुछारमा रहेको फ्रेन्ड्समाथि १-० को जित निकाल्न सफल भयो। शीर्ष स्थानमा रहेको मच्छिन्द्रले तालिकाको पुछारमा रहेको फ्रेन्ड्सविरुद्ध अंक खोस्न आत्मघाटी गोल कुर्नु परेको थियो। पहिलो हाफ गोल रहित बराबरीमा सकिएको खेलमा मच्छिन्द्रले दोस्रो हाफमा अग्रता पाएको थियो। ६८औं मिनेटमा फ्रेन्ड्सका डिफेन्डर रोनिल एन्थोनी पाउलले आत्मघाती गोल गरेपछि पाएको अग्रता नै मच्छिन्द्रका लागि पर्याप्त बनेको थियो। मछिन्द्रका कप्तान सुजल श्रेष्ठको क्रसमा शशील कुमार थापाले हेड गरेपछि प्राप्त बल क्लियर गर्ने क्रममा रोनिलले आफ्नै पोस्टमा गोल गरेका थिए। जितसँगै मछिन्द्रले ८ खेल २० अंक जोडेको छ। मछिन्द्र शीर्ष स्थानमा यथावत रहेको छ। फ्रेन्ड्स ३ अंक जोडेर पुछारमा रहेको छ। उपाधि होडलाई कायम राख्न जित्ने पर्ने दबाबका साथ मैदान उत्रिएको आर्मीले सुरुआतबाट नै एनआरटीलाई दबाबमा राखेको थियो। सोही क्रममा आर्मीलाई जित दिलाउन दिनेश हेन्जनले गरेको निर्णायक भएको थियो। दिनेशले खेलको १७ औं मिनेटमा गोल गर्दै आर्मीलाई जित दिलाएका हुन्।

जगजित श्रेष्ठको क्रसमा अनमार्क रहेका दिनेशले हेडर मार्फता जाली चुमाउन सफल भएका थिए। यस जितसँगै आमीले ८ खेलमा १४ अंक जोडेको छ। लिगमा अपराजित आर्मी लिगको चौथो स्थानमा रहेको छ। यस्तै एनआरटीले ८ खेलमा १० अंक जोडेको छ। एनआरटी सातौं स्थानमा रहेको छ।

# आर्चरीको उपाधि सुजनलाई



**कास्की/मस-** गण्डकी प्रदेशस्तरीय खुला आर्चरी प्रतियोगिताको उपाधि म्याग्दीका सुजन पुनले जित्न सफल भएका छन्। कास्की जिल्ला आर्चरी सङ्घले नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्ष्य गरी पुस २३ देखि पोखरा रङ्गशालास्थित आर्चरी मैदानमा आयोजना गरेको प्रतियोगिताको शनिबार सम्पन्न भएको फाइनलमा म्याग्दीकै उमेश तिलिजालाई फाइनल 'सेट प्वाइन्ट'मा ६-२ अङ्कले पराजित गर्दै च्याम्पियन बनेका हुन्।

उपाधिसँगै पुनले नगद २५ हजार प्राप्त गरे भने उपविजेता तिलिजाले २० हजार प्राप्त गरे। उपाधि विजेता पुनले पहिलो दिनको 'र्याङकिङ राउण्ड'मा २७७ अङ्क हान्दै नकाउट चरण प्रवेश गर्नुभएको थियो। नकाउट चरणमा पनि उनले उत्कृष्ट प्रदर्शन गर्दै च्याम्पियन बन्न सफल हुनुभएको प्रतियोगिताका संयोजक एवं सङ्घका उपाध्यक्ष बसन्त गौचन(साकुरा)ले जानकारी दिए।

यसैगरी प्रतियोगिताको तृतीय स्थानमा म्याग्दीका राजु खोर्जा पुनले कास्कीका पूर्ण गौचनलाई ७-१ अङ्कको सेट प्वाइन्टले पराजित गर्दै नगद १५ हजार प्राप्त गरे। गौचन प्रतियोगितामा चौथो स्थानमा रहँदै नगद १० हजार पुरस्कार पाए। यसैगरी ६० वर्षमाथिको भेट्रान्सतर्फको प्रतिस्पर्धामा मार्फा थकाली समाजका हिरामान लालचनले २३३ अङ्क जोड्दै प्रथम स्थान हासिल गरे।

तीन गाउँले थकाली समाजका बुद्धि थकाली २२५ अङ्कसहित द्वितीय र मनाङ समाजका छोर्तेन गुरुङ २२३ अङ्कसहित तृतीय हुन सफल भए। भेट्रान्सतर्फको प्रतिस्पर्धामा सात खेलाडीले सहभागिता जनाएका थिए। प्रतियोगितामा चार सेमिफाइनलिष्टसँगै अन्य १२ गरी १६ जना खेलाडीलाई राष्ट्रिय खेलकुदका लागि बन्द प्रशिक्षणमा राखिने कास्की जिल्ला आर्चरी सङ्घका अध्यक्ष योगन्द्र शेरचनले बताए। प्रतियोगिताका संयोजक गौचनका अनुसार श्याम गुरुङ, प्रदीप पुर्जा, सुविन्द्र गौचन, चोचाङ फगामी, रविन थापा, निशान तुलाचन, प्रकाश घर्ती, उदयकुमार बुढाथोकी, महेश पुर्जा, अम्रिस पुन, भुपेन्द्र घर्ती र दुर्गा घर्तीलाई नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि प्रारम्भिक टोलीमा छनोट गरिएको छ। छनोट भएकामध्येबाट स्टाण्डर्ड ३० मिटरको प्रतिस्पर्धामा चार खेलाडी राष्ट्रिय खेलकुदमा छनोट गरिने छ।

प्रतियोगितामा कास्की, बाग्लुङ, पर्वत,म्याग्दी, मुस्ताङ र मनाङका गरी ६९ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए। विजेता खेलाडीलाई गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङ, नेपाल आर्चरी सङ्घका केन्द्रीय उपाध्यक्ष बसन्त थकालीलगायतले पुरस्कार वितरण गरे।

# टाइगर कपको तयारी अन्तिम चरणमा

**पोखरा/मस-** पोखरामा दोस्रो संस्करणको 'टाइगर कप आमन्त्रित खुला क्लब च्याम्पियनसिप महिला-पुरुष भलिबल प्रतियोगिता'को तयारी अन्तिम चरणमा पुगेको छ।

आयोजक टाइगर ग्रुप पोखराले शनिबार पोखरा रङ्गशालामा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराइएको हो। सोमबारदेखि माघ १ गतेसम्म पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा आयोजना गरिएको पत्रकार सम्मेलनमा सहभागी टोली आउन सुरु भएको जानकारी गराइयो।

प्रतियोगिताले नेपालको राष्ट्रिय खेल भलिबलको विकाससँगै आगामी दिनमा पोखरालाई अन्तर्राष्ट्रिय भलिबल केन्द्रका रुपमा विकास गर्न मद्दत पुग्ने विश्वास आयोजकको छ। प्रतियोगितामा महिला तथा पुरुषका गरी पाँच-पाँच टोलीको सहभागिता रहने टाइगर ग्रुप अफ पोखराका अध्यक्ष नारायणप्रसाद शर्माले बताए। प्रतियोगितामा महिलातर्फ विभागीय टोलीहरु नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरीको एपिएफ क्लबसहित न्यू डायमन्ड एकेडेमी र आयोजक संस्था टाइगर ग्रुप अफ पोखराको टोली सहभागी हुनेछन्। पुरुषतर्फ विभागीय टोलीहरु नेपाल आर्मी क्लब, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी क्लबको एपिएफ क्लबसहित टिपटप हेल्पलाइन स्पोर्टस क्लब र गण्डकी प्रदेश टोलीको सहभागिता रहने जनाइएको छ। अध्यक्ष शर्माका अनुसार 'राउन्ड रोविन लिग'का आधारमा प्रतियोगिता सञ्चालन हुनेछ।

# टाइम्सलाई अनमोल स्मृति बास्केटबल उपाधि

**काठमाडौं/मस-** टाइम्सले प्रथम अनमोल स्मृति पुरुष खुला बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ। अपराजित रहँदै टाइम्स च्याम्पियन बनेको हो। चण्डोलस्थित विशाल मिलन केन्द्र (बीएमके) को कोर्टमा भएको प्रतिस्पर्धात्मक फाइनलमा टाइम्सले रोयललाई ७०-६७ ले पराजित गऱ्यो।

राष्ट्रिय र उमेरसमूहका राष्ट्रिय खेलाडीको बाहुल्य रहेको टाइम्स टोलीको जितमा मनीष केसीले २० अंक योगदान गरे। मनीष नै प्रतियोगिताको 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। त्यसवापत उनले १० हजार नगद पुरस्कारसहित गिफ्ट ह्याम्पर पाए।शिव सेना नेपाल, ललितपुरद्वारा आयोजित प्रतियोगितामा फाइनलका 'म्यान अफ द म्याच' रोयलका निकेश मगरले १६ अंक जोडे। टाइम्सका लागि राष्ट्रिय बास्केटबल टोलीका कप्तान सदीश प्रधानको १२ अंक र विजय बुर्जाको १६ अंक पनि जितका लागि महत्वपूर्ण रह्यो।

तीन क्वाटरमा पछि परेको स्थितिलाई उल्ट्याउदै टाइम्स उपाधि चुम्न सफल भयो। टाइम्स पहिलोमा १४-१६, दोश्रोमा १८-२१ र चौथोमा १२-१६ ले पछि परेको थियो। तेश्रो क्वाटरमा २६-१४ को अग्रता लिदै टाइम्सले उपाधि सुनिश्चित गऱ्यो। उपाधिसंगै टाइम्सले १ लाख नगद पुरस्कार पायो। रोयलले ५० हजार नगद पुरस्कारमा चित्त बुझायो। टाइम्सले समूह चरणका खेलमा कीर्तिपुर, बीएमके र गोल्डेनगेट तथा सेमिफाइनलमा गोड्सलाई हराएको थियो। गोड्स, स्कल एकेडेमी र क्याम्पियनलाई लिगमा पन्छाएको रोयलले सेमिफाइनलमा गोल्डेनगेटलाई पाखा लगाएको थियो। विजेतालाई शिव सेना नेपालका केन्द्रीय अध्यक्ष अनिल बाबा वस्नेत, बीएमकेका अध्यक्ष हरि अधिकारी, शिव सेना नेपाल, ललितपुरका अध्यक्ष रविन्द्र अवाले, शिव सेना नेपाल, काठमाडौंका अध्यक्ष मदनकृष्ण श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। सो अवसरमा बास्केटबलका टेक्निकल कमिसनर दुर्गाबहादुर थापालाई सम्मान गरिएको थियो। नेपाल आर्मीका पुरुष बास्केटबल टोलीका कप्तान रविन खत्री पनि १० हजार नगदसहित सम्मानित भए। पुस १८ गतेदेखि सुरु प्रतियोगितामा ८ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।


प्रदेश सरकार
उद्योग पर्यटन तथा वन मन्त्रालय
**प्रदेश वन निर्देशनालय**
प्रदेश २
जनकपुरधाम, धनुषा

**अग्निी नियन्त्रण सामाग्री, उपकरण तथा समान (वन तथा वातावरण संरक्षण निर्माण)**
**खरिद सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**मध्यान्ह राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७८/०९/१५**
**मध्यान्ह राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित संशोधित सूचना मिति २०७८/०९/२५**

यस निर्देशनालयको चालु आ.व. ०७८/०७९ को पुर्व स्वीकृत बार्षिक कार्यक्रममा थप रकम(संघ सशर्त अनुदान समेत कन्टेनजेन्सी सहितको जम्मा रु. ५० लाख) बिनियोजन भई आएकोले सो समेतबाट नेपाल गुणस्तर वा अन्तराष्ट्रिय गुणस्तरका अग्निी नियन्त्रण सामाग्री, उपकरण(कुनै कुनै आईटममा स्वीकृत बोलपत्रको प्रति ईकाई दररेट अनुसार थप हुन सक्ने) खरिद गर्नु पर्ने भएको हुँदा मुल्य अभिबृद्धि कर, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति, संस्था, फर्म तथा कम्पनिहरुवाट बोलपत्र साथ संलग्न कार्यसूचि (TOR) मा उल्लेखित तथा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७८/०९/१५ को शिलबन्दी दरभाउपत्र आह्वानको सूचनालाई बोलपत्र आह्वानको सूचना कायम गरिएको तथा उक्त सूचनामा प्रकाशित अन्य शर्तहरु यथावत रहने गरि निम्न संशोधित शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेस गर्न सम्बन्धित सबैको जानकारीको लागी यो संशोधित सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. बोलपत्र फाराम प्रथम पटक मिति २०७८/०९/१५ मा सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समयभित्र यस निर्देशनालयबाट रु. ३०००/ नगदै तिरी वा यस निर्देशनालयको कार्यालय कोड नं. ३०७०११७०१२ राजस्व शीर्षक नं. १४२२९ मा बैंकमा रु.३०००। (अक्षरेपी रु. तिन हजार मात्र) तिरी बोलपत्र खरिदको लागि आवश्यक कागजातहरु सहित बैंक भौचर पेश गर्नुपर्नेछ।
२. खरिद गरिएका बोलपत्र फारामहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० वजे भित्र यस निर्देशनालयमा दर्ता गराई सक्नु पर्नेछ। सो दिन विदा परे कार्यालय खुलेको दिन दिनको १२.०० वजे भित्र दर्ता गर्न सकिने छ। म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु सोही दिनको २.०० वजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधीहरुको रोहवरमा यस निर्देशनालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधी अनुपस्थित भएमा पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्रसाथ रु. १४५,०००। (अक्षरेपी रु. एक लाख पैतालिस हजार मात्र) एकमुष्ठ जमानत रकम प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड शाखा कार्यालय जनकपुरमा रहेको धरौटी खाता नं. १२२०१००२०२०३००००.मा दाखिला गरेको सक्कलै भौचर अथवा यस कार्यालयको नाममा जारी भएको बोलपत्र दखिला गर्ने अन्तिम मितिवाट कम्तीमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त बैंकबाट जारी भएको सक्कलै जमानी पत्र संलग्न हुनु पर्नेछ।
४. बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।
५. बोलपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा यस निर्देशनालयमा समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ।

**साउदीमा रोजगार** | कम्पनी: MAHDI DOHAN MANEH AL YAMI OPERATION AND MAINTENANCE
शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०९/२३ | चलानी नं.: ६०१७२३५८ | L.T. No.:255714

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २ गते (16 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५१/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

**कतारमा रोजगारको अवसर** | कम्पनी: TRI CONSTRUCT
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०९/२३ | चलानी नं.: ६०१७२३५४ | LT. No.: 255795

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,३६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 9 | 0 | | 1000 | ३२,५७० | | | | | | | |
| 3. | Mason | 15 | 0 | | 1100 | ३५,८२७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २ गते (16 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Baby Star International Pvt. Ltd.**
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
Mobile: 9813599770, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

**CYPRUS मा वैदेशिक रोजगारको अवसर** | कम्पनी : CY EMPLOYMENT
पूर्व स्वीकृत मितिः २०७८/०९/२३ | चलानी नं.: ६०१७२३०७ | LT. No.: 255734

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 314 | ४२,२२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २ गते (16 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Sundar Nepal Overseas Pvt. Ltd.**
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4478460, Email: Sundarnpo@gmail.com

नेपालको शैक्षिक क्षेत्रमा निजी क्षेत्रले ठुलो हिस्सा ओगटेको छ । शैक्षिक क्षेत्रमा भएको निजी लगानीलाई एउटा कोणबाट निरन्तर आलोचना गर्ने गरिएको पाइन्छ तर, मुलुकको अर्थतन्त्र र शैक्षिक क्षेत्रमा निजी क्षेत्रले गरेको योगदानलाई भने न्यूनिकरण गर्न सकिँदैन् । विशेषगरी निजी क्षेत्रको लगानीमा सञ्चालनमा रहेका प्राविधिक र उच्च शिक्षा क्षेत्रले पछिल्लो पुस्ताको विकास र मुलुकको विकासमा महत्वपुर्ण योगदान पुऱ्याएको देखिन्छ । प्रस्तुत छ, यस्तै समसामयिक सन्दर्भमा नेपालमा व्यवसायीक शिक्षाको अवधारणाको सुरुवात गरेको हिमालयन ह्वाइटहाउस इन्टरनेशनल कलेजका प्रिन्सिपल **तोयानारायण पौडेल**सँग **मध्यान्ह राष्ट्रिय दैनिक**का संवाददाता **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘अर्थतन्त्रमा निजी शैक्षिक क्षेत्रको भूमिका ठूलो छ’



**तोयानारायण पौडेल**, प्रिन्सिपल, हिमालयन ह्वाइटहाउस इन्टरनेशनल कलेज

> कैंयन नेपाली विद्यार्थीहरु वर्तमान आवश्यकताअनुरुपको शिक्षाको खोजीमा कैंयन पैसा तिरेर विदेशी विश्वविद्यालय विद्यालयमा पुगिरहेका छन् । आजको दिनमा पनि निजी क्षेत्रले कैंयन दुःख गरेर तुलनात्मक रुपमा गुणस्तरीय शिक्षा प्रदान गरेर विद्यार्थीको आवश्यकतालाई सम्बोधन गरिरहेका छन् ।

**कोभिड अगाडि र कोभिड पछाडिको शैक्षिक क्षेत्रको अवस्थालाई कसरी तुलना गर्नुभएको छ ?**

कोभिडले शिक्षा क्षेत्र मात्रै नभएर सम्पुर्ण क्षेत्रलाई नै प्रभावित गऱ्यो । कोभिड महामारीको अवस्थाको चित्र जस्तो थियो, त्यसबाट विस्तारै शैक्षिक क्षेत्र उठ्न लागेको छ । विश्वविद्यालयले १/२ महिना ढिलो गरेर भए पनि विभिन्न कार्यक्रम ल्याएको अवस्था छ । अब शैक्षिक क्षेत्र पुनः द्रुत गतिमा अगाडि बढ्न खोजेको छ ।

**तपाईंको कलेजले नयाँ सन्दर्भअनुसारको व्यवहारिक कार्यक्रम अगाडि बढाएको दाबी गर्दै आउनुभएको छ । कलेजले खासमा कस्ता-कस्ता कार्यक्रम सञ्चालन गरेको छ ?**

नेपालमा शैक्षिक क्षेत्रमा निजी क्षेत्रको भूमिकाको कुरा गर्दा हिमालयन ह्वाइट हाउस इन्टरनेशनलको महत्वपुर्ण भूमिका रहेको छ । यो कलेज सन् २००१ देखि नै सुरु भएको हो । त्यसअन्तर्गत हाम्रो कलेज पुर्वाञ्चल युनिभर्सिटीबाट सम्बन्धन लिएर शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसले म्यानेजमेन्ट एजुकेसनको क्षेत्रमा नेपालमा एक हिसाबले क्रान्ति नै ल्याएको भन्नुपर्छ । जसमा, एमबिए, इएमबिए, बिबिए, बिटेक इल बायोटेक्नोलोजी, बिएचएम, बिएलएस आदि विषयहरु रहेका छन् । अहिले ह्वाइट हाउसमा म्यानेजमेन्ट मात्रै नभएर इन्जिनियरिङ, साइन्स एन्ड टेक्नोलोजी, ब्याचलर इन लिबरल आटर्स, आदि लगाएतका विषय पनि पढाइ हुने गरेका छन् । जसमा ब्याचलर इन लिबलर आटर्स नेपालमा पढाई हुने हाम्रो कलेजमा मात्रै हो । अहिलेको अन्तर्राष्ट्रिय बजारमा बिक्ने प्रकारको शैक्षिक कार्यक्रम पनि ह्वाइट हाउसले चलाइरहेको छ । हामीले संधै नै विद्यार्थीहरुलाई कसरी उत्तम विषयमा पढाउन सकिन्छ भनेर सोचिरहेका छौं ।

**तपाईंहरुले व्यवहारिक र प्राविधिक शिक्षा दिएको भन्नुभयो तर, कलेजबाट उक्त विषयमा अध्ययन पुरा गरेका विद्यार्थीहरुले रोजगारी प्राप्त गरेका छन् त ? यो विषयमा तपाईंहरुले कत्तिको ख्याल गर्नुभएको छ ?**

हाम्रो कलेज वा विश्वविद्यालयको मात्रै नभएर नेपाली विद्यार्थीहरुको क्षमता औसतमा कमजोर छैन् । जसकारणले नै विदेशी विश्वविद्यालय वा श्रम क्षेत्रले प्रतिस्पर्धा गरेर माग गरिरहेका छन् । जुन कुरा आज हामीले देखिरहेका छौं । बरु यहाँनेर एउटा प्रश्न गर्नुपर्ने हुन्छ, कतै हाम्रो मुलुकको पोलीसीले हाम्रो विद्यार्थीको क्षमतालाई उपयोग गर्न नसकेको हो की ? आजको दिनमा कुनै पनि युवा खुसीका साथ विदेश गइरहको छैन्, बरु यहाँ अवसरको अभावको कारणले छातीमा पीडा बोकेर विदेश गएको छ । यो विषयमा राज्यले ध्यान पुऱ्याउन जरुरी छ ।



> सरकारी विद्यालयहरुलाई राम्रो बनाउन सके, स्वभाविक हिसाबले निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरु आफै पछाडि पर्छन् । विद्यार्थीहरु विदेश पलायन हुनबाट पनि रोकिन्छन् । हामीहरुले सम्पूर्ण व्यवस्थापन र सञ्चालनसहितको खर्चको व्यवस्थालाई जोडेर शुल्क लिनुपर्ने हुन्छ । त्यसो गर्दा वातावरण र गुणस्तरअनुसार शैक्षिक क्षेत्रको शुल्कमा विविधता हुनसक्छ ।

**तपाईंको विचारमा के कस्ता कार्यक्रमहरु अगाडि बढाउन सकियो भने युवाहरुलाई स्वदेशमा नै रोक्न सकिन्छ होला, वा स्वदेशमा नै काम गर्ने वातावरण सिर्जना गर्न सकिन्छ होला ?**

कुनै पनि मुलुकको विकास हुनको लागि त्यहाँको भौतिक विकास भनेको न्युनतम सर्त हो । आजको दिनमा विडम्बना भन्नुपर्छ राज्यले वर्षेनी रुपमा विकास खर्चमा विनियोजित रकम खर्च गर्न सकेको छैन् । जतिबेला सम्म मुलुकले विकास खर्च सहज रुपमा खर्च गर्न सक्दैन् त्यतिबेलासम्म राज्यले विकासको गतिलाई राम्रोसंग समात्न पनि सक्दैन् । हामीकहाँ मुख्यकुरा नेतृत्व र नीतिमा समस्या भएको हो की ? जसले गर्दा हामीले भइरहेको आवश्यकतामा उपलब्ध जनशक्तीलाई परिचालन गर्ने उपयुक्त नीति तथा कार्यक्रम बनाउन सकेनौं । युवाहरुलाई रोक्न अवसर सिर्जना गर्ने कुरा नै मुख्य कुरा हो, त्यो गर्न सकिएमा युवाहरु विदेश पलायन हुने कुरा रोकिन्छ ।

> बरु यहाँनेर एउटा प्रश्न गर्नुपर्ने हुन्छ, कतै हाम्रो मुलुकको पोलीसीले हाम्रो विद्यार्थीको क्षमतालाई उपयोग गर्न नसकेको हो की ? आजको दिनमा कुनै पनि युवा खुसीका साथ विदेश गइरहेको छैन्, बरु यहाँ अवसरको अभावको कारणले छातीमा पीडा बोकेर विदेश गएको छ । यो विषयमा राज्यले ध्यान पुऱ्याउन जरुरी छ ।

**अर्को विषय, कतै अहिलेको पुस्तामा विदेशी सुख सुविधा र आकर्षणको प्रभावको कारणप नि विदेश पलायन हुने क्रम बढेको हो ? यो कुरामा कत्तिको ख्याल गर्नुभएको छ ?**

हामीले नेपालको युवा पुस्ता मात्रै नभएर मानवजातीकै कुरा गर्दा एउटा सामान्य मानवीय स्वभावलाई पनि स्वीकार गर्नुपर्दछ । हरेक मान्छेले आफ्नो सुरक्षित जीवनको खोजी गरिरहन्छ । अहिलेको खुला विश्वमा हाम्रो मुलुकमा वर्तमान पुस्ता अनुकुलको उपयुक्त वातावरण निर्माण नगर्दा मात्रै केही अथवा थोरै मानिसहरुले अन्य मुलुकमा विकल्प खोजेका हुनसक्छन् । तर धेरै युवाहरु विदेश गएर अध्ययन गरेर बुझेर नेपालमा नै सम्भावना छ भनेर फर्किएका पनि त छन् । अहिलेको समयमा राज्यले सबै काम पनि गर्न पर्दैन्, मुख्य कुरा उचित वातावरणको निर्माण गर्ने मात्रै दायित्व राज्यको हो । बाँकी त वातावरणले समाजको निर्माण आँफै गर्दछ ।

उदाहरणको रुपमा अहिले बसाईंसराइले गर्दा ग्रामिण क्षेत्रका धेरै उत्पादनयोग्य जमिन खाली हुन पुगेका छन् । त्यसलाई उचित ढंगले प्रयोग गर्ने र रोजगार सिर्जना गर्ने विषयमा राज्यको सबै तह चुकेको देखिन्छ । जसले गर्दा अझै थप उत्पादन पनि घट्ने र रोजगारी पनि घट्ने अवस्था सिर्जना भएको छ । त्यसैले सुख सुविधा वा आकर्षणले मात्रै नभएर आधारभुत आवश्यकताको कोणबाट पनि मान्छे आजको दिनमा विदेश पलायन भएको देखिन्छ ।

**तपाईं एउटा प्रतिष्ठित निजी कलेजको प्रिन्सिपल हुनुहुन्छ । तपाईंहरु माथि एउटा आरोप छ, महंगीको कारण आम मान्छेको पहुँच निजी क्षेत्रमा हुन सकेन् । तपाईंहरुले अनावश्यक शुल्क लिने काम गर्नुभयो ।**

आजको दिनमा पनि नयाँ विश्वविद्यालय र विद्यालय खोल्ने क्रम जारी छ । तर, एउटा बिडम्बना भन्नुपर्छ, हाम्रो मुलुकमा के-के कुरामा कति जनशक्तिको आवश्यकता हो ? कस्तो विषयको शिक्षाको आवश्यकता हो ? यो विषयमा आज पनि राज्य अनविज्ञ भएर विश्वविद्यालय र विद्यालय खोलिरहेको छ । भएका सरकारी विद्यालयहरुलाई थप राम्रो बनाउनेतर्फ काम भएको छैन् । कैंयन नेपाली विद्यार्थीहरु वर्तमान आवश्यकताअनुरुपको शिक्षाको खोजीमा कैंयन पैसा तिरेर विदेशी विश्वविद्यालय विद्यालयमा पुगिरहेका छन् । आजको दिनमा पनि निजी क्षेत्रले कैंयन दुःख गरेर तुलनात्मक रुपमा गुणस्तरीय शिक्षा प्रदान गरेर विद्यार्थीको आवश्यकतालाई सम्बोधन गरिरहेका छन् ।

सरकारी विद्यालयहरुलाई राम्रो बनाउन सके, स्वभाविक हिसाबले निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरु आँफै पछाडि पर्छन् । विद्यार्थीहरु विदेश पलायन हुनबाट पनि रोकिन्छन् । हामीहरुले सम्पुर्ण व्यवस्थापन र सञ्चालनसहितको खर्चको व्यवस्थालाई जोडेर शुल्क लिनुपर्ने हुन्छ । त्यसो गर्दा वातावरण र गुणस्तर अनुसार शैक्षिक क्षेत्रको शुल्कमा विविधता हुनसक्छ । तर ह्वाइट हाउस जस्ता कलेजले विदेशमा करोडौं खर्च गरेर पढ्न जान सक्ने विद्यार्थीहरुलाई न्युनतम शुल्कमा आधुनिक शिक्षा दिने काम गरिरहको छ ।

**मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाको भूमिकालाई कसरी हेर्नुहुन्छ ?**

मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रले ठुलो कन्ट्रिब्युसन गरेको छ । हामीले सिधा नै तुलना गर्न सक्छौं । राज्यले शिक्षा क्षेत्रमा वार्षिक झण्डै २ खर्ब खर्च गरेको छ । निजी क्षेत्रले गुणस्तरीय र प्राविधिक जनशक्ति उत्पादन गरिरहेका छन् । मात्रै होइन्, निजी शैक्षिक क्षेत्रले आजको दिनमा कतीलाई रोजगार प्रदान गरिरहेका छन् ? निजी शैक्षिक क्षेत्रबाट उत्पादित अधिकांश जनशक्तिले आजको दिनमा मुलक निर्माण र सञ्चालनमा महत्वपुर्ण भूमिका निर्वाह गरिरहेका छन् । यहिँनेर हेरौं, निजी क्षेत्रको अर्थतन्त्रमा कती परिमाणमा योगदान भइरहेको छ ?

## शेयर बजारमा सकारात्मक संकेत

# पछिल्लो एक सातामा १६७.९७ अंकले वृद्धि

**काठमाडौं/मस–** पछिल्लो एक सातामा शेयर बजार मापक नेप्से परिसूचक १६७.९७ अंकले वृद्धि भएको छ। गत साताको बुधबार अन्तिम कारोबारको दिन परिसूचक ५.५१ अंक बढेर २ हजार ५२४.५० विन्दुमा पुगेर रोकिएको थियो ।

पछिल्लो सातामा पाँचै दिन कारोबार भएको नेप्से परिसूचक चार दिन उकालो लाग्दा एक दिने भने गिरावट आएको छ । यसरी पाँच दिन भएको कारोबारमा नेप्से परिसूचक १६७.९७ अंकले वृद्धि भएर २ हजार ६९२.९७ विन्दुमा पुगेर रोकिएको छ।

अघिल्लो साता ४.२७ अंकले बढेको नेप्से परिसुचक यो साता १६७.९७ अंक माथि पुगेको हो। पछिल्लो चार महिना देखि निरन्तर रुपमा गिरावट आएको नेप्से परिसूचक यो साता भने उच्च रुपमा वृद्धि भएको छ ।

साताको पहिलो शेयर कारोबारको दिन आइतबार नेप्से ६०.४१ अंकले वृद्धि भएर २ हजार ५८५.९१ विन्दुमा पुगेको थियो । आइतबार नेप्से परिसूचकसँगै ठूला कम्पनीको शेयर मापक गर्ने सेन्सेटिभ इण्डेक्स समेत २.२९ प्रतिशत, फ्लोट इण्डेक्स २.३९ प्रतिशत र सेन्सेटिभ फ्लोट इण्डेक्स २.४६ प्रतिशत बढेका थिए । आइतबार ४ अर्ब १२ करोड ६९ लाख ८० हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको थियो ।

त्यस्तै, सोमबार पनि नेप्से परिसुचक उकालो लागेको थियो । जुन दिन ३२.०३ अंक बढेर २ हजार ६१६.९४ विन्दुमा पुगेको थियो । सोमबार कारोबारमा आएका २३० कम्पनीको ८२ लाख ५ हजार कित्ता शेयर ४ अर्ब ५३ करोड ३० लाख १७ हजार रुपैयाँ बराबरको कारोबार भएको थियो। आइतबारको तुलनामा सोमबार कारोबार रकममा पनि सुधार भएको थियो । साताको तेस्रो दिन मंगलबार नेप्से परिसूचक ६३.०१ अंकले बढेर २ हजार ६७९.९५ विन्दुमा पुगेको थियो । त्यस्तै उक्त दिन पनि ठूला कम्पनीको शेयर मूल्य मापक गर्ने सेन्सेटिभ इण्डेक्स समेत ३.२५ अंक, फ्लोट इण्डेक्स २.८६ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ३.९६ अंक बढेको थियो । मंगलबार कारोबारमा आएका २३४ कम्पनीको ९१ लाख १० हजार ७५८ कित्ता शेयर ४ अर्ब ३२ करोड २६ लाख ९ हजार ८२७ रुपैयाँको शेयर कारोबार भएको थियो । सोमबारको तुलनामा मंगलबारको कारोबार रकम भने घटेको थियो ।

सातको चौथो दिन भने तीन दिन लगातार रुपमा उच्च अंक बढेको शेयर बजार मापक नेप्से परिसूचक ब्रेक लागेको थियो । तीन दिनमा १५५ अंकले बढेर २ हजार ६ सय विन्दु माथि पुगेको नेप्से परिसूचक उक्त दिन ३०.७५ अंकले गिरावट आएर २ हजार ६४९.२० विन्दुमा झरेको थियो । बुधबार कारोबारमा आएका २३६ कम्पनीको ९५ लाख ५९ हजार ४२९ कित्ता शेयर ४ अर्ब ६२ करोड १५ लाख ९८ हजार ५८३ रुपैयाँको शेयर कारोबार भएको थियो । कारोबार रकममा भने मंगलबारको तुलनामा बुधबार बढेको थियो । साताको अन्तिम कारोबार दिन शेयर बजार मापक नेप्से परिसूचक ४० अंक भन्दा बढीले वृद्धि भएको छ । बिहिबार नेप्से ४३.२९ अंकले बढेर २ हजार ६९२.४७ विन्दुमा पुगेको छ । त्यस्तै सेन्सेटिभ इण्डेक्स ९.१६ अंक, फ्लोट इण्डेक्स ३.०४ अंक र सेन्सेटिभ इण्डेक्स ३.३१ अंक बढेको छ । बिहिबार कारोबारमा आएका २३८ कम्पनीको ७३ लाख ३६ हजार कित्ता शेयर ३ अर्ब ६७ करोड ६८ लाख ४६ हजार रुपैयाँ बराबरको कारोबार भएको छ । नेप्से बढेपनि बुधबारको तुलनामा कारोबार रकम भने घटेको छ ।

पछिल्लो एक सातामा नेप्से परिसूचकसँगै लगानीकर्ताको सम्पतिमा पनि वृद्धि भएको छ । गतसाता २ अर्ब ३ करोड ४८ लाख रुपैयाँले बढेको लगानीकर्ताको सम्पति यो साता २ खर्ब ३६ अर्ब २ करोट रुपैयाँले बढेको छ । गत बिहीबार शेयर बजारमा रहेको लगानीकर्ताको सम्पत्ति मापक बजार पूँजीकरण कुल ३५ खर्ब ६७ अर्ब ३४ करोड रुपैयाँ रहेको थियो । यो साता २ खर्ब ३६ अर्ब २ करोड रुपैयाँ सम्पति बढेर ३८ खर्ब ३ अर्ब ३४ करोड रुपैयाँ कायम भएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
* कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
* टोनर कार्टेज रिफिल,
* CCTV, EPABX बिक्रि तथा मर्मत,
* अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
* कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**